लेखापरीक्षण प्रतिवेदन

बकैया गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बकैया गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/40

श्रीमान् अध्यक्षज्यू,
बकैया गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/40

श्रीमान अध्यक्षज्यू,
बकैया गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु. १ अर्ब ९८ करोड ९१ लाख ४ हजारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट रु. १ करोड ६५ लाख ७९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ६ लाख ३८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १ लाख २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३६ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २१ लाख ७३ हजार र गरी जम्मा रु. १ करोड ५९ लाख ४१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. १८ करोड ३० लाख ४१ हजार रहेकोमा यस वर्षको थप रु. १ करोड ५९ लाख ४१ समेत हालसम्म अद्यावधिक बेरुजु रु. १९ करोड ८९ लाख ८२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
९५	७०	१,६५,७९,२०१	०	२३	६,३७,९९१	०	९५	४७	१,५९,४१,२१०	१,२९,१३२	१,२१,७२,७९६	३६,३९,२८२	०	०	१,५८,१२,०७८	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	१८,३०,४०,९७०	0	०	१८,३०,४०,९७०	0	१,५९,४१,२१०	19,89,82,180

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४९.९ र ४९.११	शिक्षातर्फ	७६,११२
२	२०८१/८२	३७.१	विभिन्न बैठक भत्ता वितरणमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।	१,३४,३००
३	२०८१/८२	४२	प्रमाण पेश नभएको	४,२७,५७९
जम्मा				६,३७,९९१

बकैया गाउँपालिका, मकवानपुर

(८०३३२५०३३००)

बकैया गाउँपालिका , मकवानपुर

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले बकैया गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा, ६२ सभा सदस्य, ४६० वर्ग किलोमिटर क्षेत्रफल र ४६००० जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०७।३० देखि २०८२। ०८।०२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आयव्ययतर्फ रु. १ अर्ब ९८ करोड ९१ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा रु. १ लाख ६४ हजार ४८० असुल भइ दाखिला भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण

२.१ **वित्तीय प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

बकैया गाउँपालिका हात्तिसुँडे,मकवानपुर

आर्थिक वर्ष २०८१।८२

एकीकृत आर्थिक विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१ शुरु मौज्दात		५३८५५५४८।५९	१. चालु खर्च		४८८०१३४९८।००
क) संचित कोष	३१४३७१५५।६०		क.) पालिका तर्फ	२०१८०४७९३।८२	
ख) धरौटी	१५५०८३२२।०१		ख). संघीय सशर्त	२६९८७४०५५।१९	
ग) विविध कोष खाता	१९६३१००।००		ग.) संघीय विशेष		
घ) विविध खर्च खाता	४८८९९००।९८		घ). प्रदेश सशर्त	१६३३४९४९।००	
ङ) प्रकोप व्यवस्थापन कोष	६७०७०।००		ङ). प्रदेश विशेष		
२ आन्तरिक आय	३७६१४७२१।५५	३७६१४७२१।५५	२ .पुजिगत खर्च		२१७२७९१९१।००
३. वित्तीय हस्तान्तरण (संघ)		५९९१७२२२३।५०	क) पालिकातर्फ	१२७१२५५०१।००	
क) समानीकरण अनुदान	१०९२८६१६०		ख) संघिय सशर्त	४४७९४८९५	
ख) राजस्व बाँडफाँट	१२७५१५३१३।४६		ग) संघीय समपुरक	१९३२३७५०।००	
ग) सशर्त अनुदान	३४३०४७०००।००		घ)प्रदेश सशर्त	८९२६५११।००	
घ) समपुरक अनुदान	१९३२३७५०।००		ङ) प्रदेश विशेष	४७२९६५६।००	
४. वित्तीय हस्तान्तरण (प्रदेश)		९७८५७०७३।८२	च) प्रदेश समपुरक	१२३७८८७८।००	
क) समानीकरण अनुदान	११८४६०००।००		३. अन्तरसरकारी अख्तियारी संघ		१९३०७२७३१।३६
ख) राजस्व बाँडफाँट	३९१४१२६२।८२		क) सामाजिक सुरक्षा तथा संरक्षण	१४५५४४५६२।००	
ग) सशर्त अनुदान	२८६६६०००।००		ख) पारिश्रमिक कर्मचारी	२२४०१६९।३६	
घ) समपुरक अनुदान	१३२०३८११।००		ग) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार	३७००००००।००	

			बिकास कार्यक्रम		
ङ) विशेष अनुदान	५००००००००।००		घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७९८८०००।००	
५. अन्तरसरकारी अख्तियारी संघ		१९३०७२७३१।३६	ङ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	३०००००।००	
क) सामाजिक सुरक्षा तथा संरक्षण	१४५५४४५६२।००		४ .अन्य वित्तीय व्यवस्था		६४९३१४१५।१४
ख) पारिश्रमिक कर्मचारी	२२४०१६९।३६		क)धरौटी फिर्ता तथा सदर स्याहा	९०२३२८५।००	
ग) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम	३७००००००।००		ख) विविध खर्च खाता	४७९०७३३९।१४	
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७९८८०००।००		ग प्रकोप व्यवस्थापन कोष	६६६३३३८।००	
ङ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	३०००००।००		घ अन्य आय भएमा	१३३७४५३।३४	
६. अन्य वित्तीय व्यवस्था		६५२१३५३०।११	५. अनुदान फिर्ता		३२८७७८६६।८१
क) धरौटी आय	९५५०३०३।००		क सर्शत अनुदान संघ	२८३७८०४९।८१	
ख) विविध खर्च खाता	४६७७५७७३।३८		प्रदेशलर्फ		
ग) विविध कोष खाता	८७५०००।००		क) सशर्त अनुदान	३४०४५४०	
घ) प्रकोप व्यवस्थापन कोष	६६७५०००।००		ख) विशेष अनुदान	२७०३४४।००	
ङ) अन्य आय भएमा	१३३७४५३।३४		ग) समपुरक अनुदान	८२४९३३।००	
			६. अन्तिम मौज्दात		५०६११२६।२३
			क). संचित कोषको मौज्दात	२७९१०६१८।६१	
			ख.)धरौटी	१६०३५३४०।०१	
			ग). विविध खर्च खाता	३७४८३३५।६१	
			घ). विविध कोष खाता	२८३८१००।००	
			ङ).प्रकोप व्यवस्थापन कोष	७८७३२।००	

जम्मा		१०४६७८५८२८। ५४			१०४६७८५८२८। ५४

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कारोबारको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू१४,५५४४,५६२।००, स्वास्थ्य क्षेत्र सुधारमा रू. २२४०,१६९।३६।००, एकीकृत स्वास्थ्य पूर्वाधार रू.७९,८८,०००।०० र रोजगार प्रवर्द्धनमा रू.३,००,०००।०० समेत गरी रू १९,३०,७२,७३१।३६ सुत्रमा लेखाङ्कन गरेको छैन।साथै म.ले.प.फाराम २७० को एकीकृत आर्थिक विवरणले धरौटी र कोषहरूको आय र व्यय देखाएको छैन ।सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आयव्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण देहाय अनुसार छ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८२।३।३२ को बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२।३।३२ को बाँकी
१	आन्तरिक राजस्व खाता	0	0
२	बाँडफाँटबाट प्राप्त राजस्व खाता	0	.०
३	आन्तरिक अनुदान खाता	0	0
४	चालू खर्च खाता- जोर वर्ष	0	0
५	पुँजीगत खर्च खाता- जोर वर्ष	0	0
६	विविध खर्च खाता	३७,४८,३५५।६१	३७,४८,३५५।६१
७	स्थानीय तह धरौटी खाता	१,६०,३५,३४०।0१	१,६०,३५,३४०।0१
८	स्थानीय तह सञ्चित कोष खाता	२,७९,१०,६१८।०१	२,७९,१०,६१८।०१
९	स्थानीय तह विविध कोष खाता	२,८३,८१,००२।००	२,८३,८१,००२।००
१०	स्थानीय तह विभाज्य कोष खाता	0	0
११	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	७८,७३२।००	७८,७३२।००

३ नीति तथा कार्यक्रम कार्यान्वयन

यस वर्षको पालिकाको नीती तथा कार्यक्रम तथा बजेट वक्तव्यमा उल्लेख भएका केहि प्रमुख विषयहरुको कार्यान्वयनको अवस्था निम्नानुसार रहेको छ ।

• गाउँपालिकाका विभिन्न स्थानमा सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण गर्ने नीति कार्यान्वयनमा आएको छैन

• पालिका अन्तरगत करार सेवामा कार्यरत रहेका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य कार्यान्वयनमा रहेको पाईएन।

• एक वडा एक हाट बजारको नीति कार्यान्वयनमा आएको पाईएन।

• सम्पूर्ण बाँझो जग्गाको यथार्थ लगत राखि भूमि बैंक स्थापना गर्ने नीति कार्यान्वयनमा आएको छैन ।

• बकैया गाउँपालिका भित्र शान्ति सुरक्षा कायम राख्न मुख्य बजार क्षेत्र तथा मुख्य सडकहरुमा CCTV को व्यवस्था गर्ने नीति कार्यान्वयनमा आएको पाईएन ।

• गरिबी निवारण जोखिम कर्जा कोष स्थापना गर्ने नीति कार्यान्वयनमा आएको पाईएन ।

अतः पालिकाले स्वीकृत गरेका नीति तथा कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

४ **गत वर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ।त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐन, नियमावलीमा भएको व्यवस्था बमोजिम गत वर्षको भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं.२२१) प्रमाणित गरी यो वर्ष रु ४१०९६९९४।४३ भुक्तानी दिएको देखियो। पालिकाले यस्तो कार्यमा नियन्त्रण गरी ऐन, नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

५ **आर्थिक वर्ष २०८१।८२ को दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ।त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐन, नियमावलीमा भएको व्यवस्था बमोजिम गतवर्षको भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं.२२१) प्रमाणित गरी यो वर्ष रु २२४३५४००।०९ भुक्तानी दिएको देखियो । पालिकाले यस्तो कार्यमा नियन्त्रण गरी ऐन, नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। जसको विवरण निम्नानुसार रहेको छ ।

कार्यक्रमको नाम	कारोबारको संक्षिप्त व्यहोरा	भुक्तानी पाउनेको नाम	भुक्तानी दिन बाँकि रु
Construction of Administrative RCC Building of Bakaiya Audhogik Gram Bakaiya-07	ठेक्का आयोजना बकैया-०७	Alive Construction	५६७६१४
Upgrading of Hattisude-Shikarpur-Manthali-Thingan Road Bakaiya-08,09	ठेक्का आयोजना बकैया-०८,०९	Bibek Binita Jarga J.V.	५६१२४५७
Construction And Maintenance Works of Shikharpur HealthPost Bakaiya-09	ठेक्का आयोजना बकैया-०९	Alive Construction Pvt.Ltd.	२२७१३५८
चकमके सडक निर्माण योजना	उ.स आयोजना बकैया १०	चकमके सडक निर्माण योजना उपभोक्ता समिति	३०००००
श्री कर्मप्राप्ति माध्यमिक विद्यालय	विद्यालयको चारकोठे भवन माथि ट्रष्ट निर्माण	श्री कर्मप्राप्ति माध्यमिक विद्यालय	६०००००
सकृय कृषि उत्पादक सहकारी संस्था लि.	बकैया-०९	सकृय कृषि उत्पादक सहकारी संस्था लि.	४०००००
Construction of Intake and Water Tank Works at Gabarsthan,Bakaiya-06	बकैया-०६	Aasha Construction	१६९८१३२
माजी समुदायको पुरानो संस्कृति संरक्षण	बकैया-०६	Allied Construction Pvt. Ltd	१९४०००
सेनिटरी प्याड खरिद	ठेक्का	Angel Touch Hygiene Manufacturing Pvt.Ltd	१७३३५११
सिभिल वर्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि	मेशिनरी भाडा	सिभिल वर्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि	१५४२४५
गौरीशंकर छापाखाना	खरिद	गौरीशंकर छापाखाना	६२४०४२
सागर स्टेशनरी	खरिद	सागर स्टेशनरी	३०५००
युनाइटेड नेटवर्क प्रा.लि	खरिद	युनाइटेड नेटवर्क प्रा.लि	९५००
विविध खर्च	खरिद	सोधभर्ना	१९६०८
सामाग्री खरिद वडा नं १०	खरिद	तामाङ समाज समिति	९५०००
साईलेज बेलर मेशिन पार्टस	खरिद	प्रोग्रेशिभ डेरि एन्ड एग्रो सोलुसन्स प्रा लि	१६३२७८
कच्चा पदार्थ खरिद औद्योगिक ग्राम	खरिद	चापागाई भेट फर्मा	४६३२५०
Procurement of Supply and Delivery of Feed Ingredients	ठेक्का	Kohinoor Trade Exim	३७७८२५०
Procurement of Supply and Delivery of Feed Ingredients	ठेक्का	Kohinoor Trade Exim	८१३६५५
कृषकलाई दुध उत्पादनको लागि घाँस खेतिमा प्रोत्साहन अनुदान	घाँस खेति बापतको अनुदान रकम	८ वटा सहकारी संस्था	२९०७०००
		जम्मा रकम	२२४३५४०१

६ बजेट नीति तथा कार्यक्रम

६.१

बजेट सीमा निर्धारण समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालिकामा आयको प्रक्षेपण र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरी फाल्गुन महिनाभित्र आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गर्नुपर्ने, प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई बजेट सीमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले सो समयमा विषयगत शाखा तथा वडा समितिलाई बजेटको सीमा उपलब्ध गराएको छ । बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गर्दा पालिकाले थप दुई वर्षको बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार आय तथा बजेट प्रक्षेपण गरी स्थानीय तहको बजेट चक्रलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.२ **बजेट तथा कार्यक्रम तर्जुमा समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा पालिकामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने, बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने र योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने उल्लेख छ । ऐनमा व्यवस्था भएअनुसार समितिले स्थानीय तहको आवश्यकताअनुरूप कार्यक्रमको प्राथमिकीकरण गरेको पाइएन । बजेटको सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । साथै दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।०३।१० गते रु. ९३,७४,०३,६५६ को बजेट सभा समक्ष पेश गरेकोमा सोही मितिमा सभाबाट पारित भएको पाइयो । यसैगरी पालिका प्रमुखले मिति २०८१।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट पेस तथा पारित कानुनले तोकेको समयसीमाभित्र सम्पन्न भएको देखिन्छ भने अख्तियारी प्रदान गर्ने कार्य निर्धारित समयावधिभन्दा ढिलो भएको देखियो । समयमै बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी कानुनको पालना गर्नुपर्दछ ।

७ त्रैमासिक खर्च तथा क्षेत्रगत खर्च

७.१ **त्रैमासिक खर्च** - सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ को दफा ४ मा आयोजना कार्यान्वयन गर्दा वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने र त्रैमासिक अवधिभित्र न्यूनतम दश प्रतिशत र त्यसपछि विनियोजनभन्दा कम नहुने गरी प्रत्येक महिना न्यूनतम दश प्रतिशतका दरले असार मसान्तभित्र नतिजा हासिल हुने गरी कार्ययोजना बनाउनुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति निम्नबमोजिम छ ।

त्रैमासिक/खर्च	चालु	पूंजीगत	जम्मा	खर्च प्रतिशत
प्रथम त्रैमासिक	९६३४३९०१	३६३६९२६२	१३२७१३१६३	१८.८२
दोस्रो त्रैमासिक	१०७३७३६२८	३४६९०३५०	१४२०६३९७८	२०.१४
तेस्रो त्रैमासिक	१०३२४९६००	३२१८९३८६	१३५४३८९८६	१९.२०
चौथो त्रैमासिक	१८१०४६६६८	११४०३०१९३	२९५०७६८६१	४१.८४
आषाढ महिनाको	१२४४९०८७३	६७८६२३५५	१९२३५३२२८	२७.२७
जम्मा खर्च	४८८०१३७९८	२१७२७९१९१	७०५२९२९८९	१००.००

उपर्युक्त विवरणअनुसार चालु र पुँजीगत शीर्षकमा बार्षिक खर्च रु. ७०,५२,९२,९८९ रहेकोमा त्रैमासिक रूपमा खर्चको प्रतिशत क्रमश: १८.८२, २०.१४, १९.२०, ४१.८४ रहेको देखिन्छ भने आषाढ महिनाको मात्र खर्च कुल खर्चको तुलनामा २७.२७ प्रतिशत रहेको छ । खर्चको प्रवृत्ति हेर्दा अन्तिम त्रैमासिक र आषाढ महिनामा बढेको देखिन्छ । सन्तुलित खर्च व्यवस्थापन नहुँदा वर्षको अन्तमा योजना कार्यान्वयनको चाप बढी भई प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुँदैन जसले गर्दा कार्यको गुणस्तरमा असर पार्दछ । आर्थिक वर्षको सुरुदेखिनै योजना बनाई प्रभाकारी कार्यान्वयनमार्फत सन्तुलित खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।

७.२ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	विवरण	बजेट	खर्च	बजेट । खर्च प्रतिशतमा	बजेट । श्रोत प्रतिशतमा
१	आर्थिक विकास	६,९९,७६,०००	३,८६,७३,४९७	५५.२६	७.४६
२	सामाजिक विकास	४५,१४,६०,५००	३८,२६,५९,४३३	८४.७६	४८.१६
३	पूर्वाधार विकास	२४,८०,१२,१५६	१५,११,९८,१९३	६०.९६	२६.४५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,७०,६०,०००	१,१३,५४,००७	६६.५५	१.८१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५,०८,९५,०००	१२,१४,०७,८५८	८०.४५	१६.०९
	जम्मा	९३,७४,०३,६५६	७०,५२,९२,९८९	७५.२३	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु. ९३,७४,०३,६५६ मध्ये रु. ७०,५२,९२,९८९ खर्च गरेकोमा समग्र खर्चको तुलनामा क्षेत्रगत रूपमा सामाजिक विकासमा सबैभन्दा बढी ४८.१६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमामा सबै भन्दा घटी १.८१ प्रतिशत खर्च रहेको छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासको लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी सन्तुलित रूपमा बजेट खर्च गर्नुपर्दछ । पालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा बजेट विनियोजन गरेको देखिएन । क्षेत्रगत रूपमा सन्तुलित बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।

८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य प्रकृतिअनुसारको आन्तिरिक नियन्त्रण प्रणाली लागू गरेको नपाइएकोले आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ रूपमा कार्यान्वयन भएको पाइएन । यस सम्बन्धमा देखिएका केही बेहोरा देहायबमोजिम रहेका छन् ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शीर्षकको अनुगमन तथा मूल्याङ्कन गरी भौतिक तथा वित्तीय नतिजाको प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी तरिकाले खर्च गरेको,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा तथ्यांक अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको तथा वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरको,

• पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ती समितिहरुको दर्ता नगरेको,

• सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राख्नुपर्नेमा सो नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली ,२०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू नगरेको ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रचलिन नियमानुसार प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९ कानून निर्माण र न्यायिक समिति

९.१ **कानून निर्माणको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकालाई आफ्नो एकल अधिकार अन्तर्गत आवश्यक कानून तर्जुमा गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा आर्थिक ऐन र विनियोजन ऐन बाहेक अन्य १ कार्यविधि बनाएको विवरण पेश गरेको छ । ऐनबाट प्रदत्त अधिकार प्रयोग गरी नियमावली तर्जुमा गर्ने तथा नियमावलीको अधीनमा रही निर्देशिका, मापदण्ड, कार्यविधि आदिको तर्जुमा गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाले ऐन तथा नियमावली निर्माण नगरी निर्देशिका, मापदण्ड, कार्यविधिको निर्माण गरेको देखिन्छ ।

९.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरिको छ । सो व्यवस्थाअनुसार न्यायिक समितिले आफू समक्ष पेस भएको विवादहरू मेलमिलापबाट वा कानूनी प्रक्रियामार्फत कारबाही गर्नुपर्दछ । मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको मितिले ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने कानूनी व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार चालु वर्षमा दर्ता भएको ३३ नयाँ मुद्दा सहित ४६ वटा मुद्दा रहेकोमा २० फर्स्योट भई २६ मुद्दा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको समयसीमाभित्रै फर्स्योट वा आवश्यक कानूनी कारबाही गरी टुङ्गो लगाउनुपर्दछ ।

१० तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालिका तर्फका स्थायी कर्मचारीलाई रु. २,०३,३५,४२८/- र सङ्घीय सरकारबाट हस्तान्तरित अन्तर्गत स्वास्थ्य तर्फ रु. २,२३,८४,७९१/- खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

११ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यस्तै दफा ३ मा उपदफा २ बमोजिम आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख गरेको छ। पालिकाको यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालय, मकवानपुरबाट गराएको छ भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण पालिकाका आन्तरिक लेखापरीक्षकबाट गराएको छ। कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षणमा औल्याइएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुन अगावै सम्परीक्षण गराएको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ।

१२ करार कर्मचारी

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९ को उपदफा १३ र १४ मा कार्यालयले स्वीकृत दरबन्दी भित्र परेका पदहरु कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, सवारी चालक, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, चौकीदार, स्वीपर, पलम्बर, माली, सरसफाई कर्मचारी लगायतमा सम्झौता गरी करारमा राखी सेवा लिन पाउने व्यवस्था गरेको छ। कार्यालयले यस वर्ष करार सेवामा रु. २,००,००,०००/- बजेट विनियोजन गरी रु. १,९९,१४,९४७/- खर्च गरेको छ। यसरी ऐनमा तोकिएका बाहेकका स्थायी मार्फत पदपूर्ती गर्नुपर्ने मेडिकल अधिकृत, सव ईन्जिनियर, नायब पशु सेवा प्राविधिक भेटेरिनरी र कृषि, सहायक चौथौँ, अ.न.मी., अ.हे.व., हेल्थ असिस्टेन्ट लगायत ५८ पदमा पनि करार सेवा मार्फत पदपूर्ती गरेको देखियो। यसरी कार्यालयले प्रदेश लोकसेवामा आवश्यक पदका लागि समयमै माग आकृति फारम पठाइ समयमै करार सेवामा रहेका पदमा स्थायी पदपूर्ती गर्नुपर्ने देखिन्छ।

१३ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। मिति २०७८/०५/०५ को कार्यपालिका वैठकको निर्णयका आधारमा फिल्डमा खटिएका प्राविधिक कर्मचारीलाई फिल्ड हाजिरी वापत शाखा प्रमुखलाई सुरु तलब स्केलको ५० प्रतिशत र अन्यलाई मासिक रु.१४,५००/- उपलब्ध गराएको छ। गाउँ कार्यपालिकाको मिति २०८१/०४/०५ को निर्णय अनुसार कर्मचारी प्रोत्साहन तथा पुरस्कार वापत रु. २६,८९,२४०/- भुक्तानी गरेको देखियो। पालिकाको आफ्नो आन्तरिक आम्दानी रू.३,७३,२९,३०३/- को तुलनामा कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा ७.२० प्रतिशत खर्च भएको देखिन्छ। पालिकाले कर्मचारीलाई सुविधा उपलब्ध गराउँदा आवश्यक कार्यविधि र मापदण्ड बनाई आफ्नो आन्तरिक आम्दानीले धान्न सक्ने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने देखिन्छ।

१४ दरबन्दी भन्दा बढी कर्मचारी

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवा संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सर्वेक्षण गर्दा दरबन्दी सिर्जना वा पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिए सोको कारण र औचित्य खुलाई स्वीकृतिका लागि नगर कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने, पेस गरिएको दरबन्दी आवश्यकता र औचित्य समेतको आधारमा नगर सभाले प्रस्ताव स्वीकृत गर्न सक्ने व्यवस्था छ। त्यस्तै दफा ७ मा माथि उल्लिखित प्रकृया बमोजिम दरबन्दी स्वीकृत भएपछि स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तहसमेत खुल्ने गरी संगठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले १ महिनाभित्र प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने र प्रदेश किताबखानाबाट पददर्ताको जानकारी प्राप्त भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ। पालिकाले पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन। पालिका स्थापनाका बखत संघीय सरकारबाट प्राप्त दरबन्दी तेरिज अनुसार स्वास्थ्यबाहेक गाउँपालिका, कृषि, पशु र वडामा जम्मा ५२ जनाको दरबन्दी स्वीकृत भएको देखियो। यसरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी कार्यपालिका वैठकबाट विभिन्न पदमा करारमा कर्मचारी पदपूर्ती गरी कार्यपालिका बैठकबाटै ति पदमा म्याद थप गरेको देखियो। यसरी ऐनमा भएको व्यवस्थाको पालना नगरी कार्यपालिका बैठकका आधारमा दरबन्दी भन्दा बढी र दरबन्दी नै नभएका कर्मचारीहरुलाई करारमा पदपूर्ती गरेको नियमानुसार नदेखिएको रु.

क्र. सं	पदको विवरण	संख्या	वार्षिक भुक्तानी	कैफियत
१	सव ईन्जिनियर (ईलेक्ट्रिकल)	१ जना	४६१४९०	दरबन्दी नभएको
२	ना. प्र . सा . कृषि	१ जना	४३७७२६	दरबन्दी भन्दा बढी
३	ना. प . स्वा . प्रा . भेटेरीनरी	३ जना	१३१३१७८	दरबन्दी भन्दा बढी
४	सहायक चौथौ	३ जना	१३१३१७८	दरबन्दी नभएको
५	सामाजिक परिचालक	२ जना	६७७८००	दरबन्दी नभएको
६	बालमैत्री सहजकर्ता	५ जना	१५७४९००	दरबन्दी नभएको
	जम्मा	१५ जना	५७, ७८ , २७२	

अनियमित भएको	५७,७८,२७२

१५ भूमिहिन समस्या समाधान आयोग (पारिश्रमिक, मसलन्द)

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन गर्ने कार्य सम्पन्न गर्न भूमि समस्या समाधान आयोगबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ निर्माण गरिएको छ। यसरी उक्त कार्यविधिको दफा ५ को उपदफा १ र २ मा यस कार्यका लागि स्थानीय तहमा भूमि शाखा स्थापना गरी अनुसुची - १ (ख) बमोजिमको कार्य विवरणका आधारमा काम गर्ने साथै भूमि शाखामा सम्बन्धित नापी कार्यालयबाट खटि आएको नापी टोलीका प्राविधिक कर्मचारी बाहेकका अन्य आवश्यक कर्मचारी सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले यस वर्ष भूमिहीन समस्या समाधान आयोग (पारिश्रमिक, मसलन्द) शिर्षकमा रु. १,२०,००,०००/- बजेट विनियोजन गरी रु. ८१,७८,१७६/- खर्च गरेको छ। यसरी पालिकाले लगत संकलनका लागि १ जना सर्वेक्षक, १० जना अमिन र ४ जना लगत प्रविष्टिकर्तालाई करारमा नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको छ। उक्त भूमि शाखाले कार्यविधिमा उल्लेख भए बमोजिमको लगत संकलन गरी कार्य गर्नुपर्ने देखिन्छ।

१६ स्वकीय सचिव/प्रेस संयोजक

बागमती प्रदेश अन्तरगत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन सहित) मा बागमती प्रदेशका स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षले स्वीकय सचिव, कानुनी सल्लाहकार, प्रेस सहजकर्ता राख्न पाउने व्यवस्था देखिदैन । त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) अनुसार तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने व्यवस्था गरेको छ। तर पालिकाले उल्लिखित ऐनमा भएको व्यवस्थाको पालना नगरी गत विगत देखि नै गाउँपालिका अध्यक्षको स्वकीय सचिव/प्रेस संयोजक पदमा राम कृष्ण घोरासैनीलाई ज्यालादारीमा राखी रु. २,४८,८५०/- भुक्तानी दिएको नियमानुसार नदेखिएको रु.

अनियमित भएको	२,४८,८५०

१७ आर्थिक सहायता

सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उक्त मार्गदर्शनमा उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उल्लेख छ। यसरी आर्थिक सहायता वितरण गर्नका लागि बकैया गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन नियमावली, २०७५ र बकैया गाउँपालिकाको विपन्न नागरिक सहायता कोष संचालन कार्यविधि, २०८० बनाइ कार्यान्वयन गरेको छ। यसरी आर्थिक सहायता वितरण गर्नका लागि माथी उल्लिखित नियमावली र कार्यविधिले छुट्टै कोषको स्थापना गर्ने उल्लेख गरेतापनि पालिकाले बजेट शिर्षकमा बजेट विनियोजन गरी खर्च गरेको छ। बकैया गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन नियमावली, २०७५ को दफा ७ मा विपद तथा प्रकोपमा परी मृत्यु भएमा मृतकको परिवारलाई राहत स्वरुप वडा समितिको सिफारिसमा रु.३०,०००/- उपलब्ध गराउने साथै विपदबाट घर, बहालको क्षति वा नष्ट भएमा क्षतिपूर्ती स्वरुप प्रति परिवार रु.१५,०००/- र गोठ तथा चौपायामा क्षति भएमा प्रति परिवार रु.१०,०००/- उपलब्ध गराउने व्यवस्था गरेको छ। यस्तै बकैया गाउँपालिकाको विपन्न नागरिक सहायता कोष संचालन कार्यविधि, २०८० को दफा ७ मा कोषको प्रयोगको व्यवस्था गरिएको छ। जसमा कार्यविधिको दफा १७ मा तोकिएका विपन्न नागरिकलाई दफा ७ मा उल्लिखित विशेष स्वास्थ्य उपचार र उच्च शिक्षामा सहायता प्रदान गर्ने उल्लेख छ। यसरी सहायता प्रदान गर्दा दफा ८ र दफा १२ मा गठित क्रमशः संचालक समिति र अनुगमन तथा सिफारिस समितिको संयोजक (क्रमशः गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्ष) को सिफारिसको आधारमा रु.१०,०००/- सम्म र रु.११,०००/- देखि रु.२,००,०००/- सम्मको सहायता प्रदान गर्नका लागि अनुगमन तथा सिफारिस समितिको सिफारिसमा संचालक समितिको निर्णयका आधारमा हुने उल्लेख छ। पालिकाको आन्तरिक आम्दानी रू.३,७३,२९,३०३/- रहेकोमा आन्तरिक आम्दानीको ७.७५ प्रतिशत रकम व्यक्तिगत आर्थिक सहायतामा वितरण गरेको छ। पालिकाले आर्थिक सहायता वितरण गर्ने कार्यमा आवश्यक कार्यविधि बनाई पारदर्शिता र मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ। पालिकाले देहाय बमोजिमका आर्थिक सहायता वितरण गर्ने शिर्षकमा बजेट विनियोजन गरी देहाय बमोजिम खर्च गरेको छ।

क्र. सं	बजेट शिर्षक	विनियोजित रकम	खर्च रकम	कैफियत
१	विपद व्यवस्थापन कोष	३००००००	११८५७५६	नियमावली भएको
२	विपन्न नागरिक आकस्मिक कोष	२००००००	१३२२८८०	कार्यविधि भएको
३	अन्य सामाजिक सहायता, आर्थिक सहायता	१५०००००	३८६५००	कार्यविधि र नियमावली नभएको, तोकादेशमा वितरण
	जम्मा	६५, ०० , ००० /-	२८, ९५ , १३६ /-	

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट असान्दर्भिक आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। तर लेखापरीक्षणको क्रममा वडा नं ६ सन्तलाल थोकरलाई १६ औँ कोरियन खुल्ला अन्तराष्ट्रिय कराते डो च्याम्पियन सिपमा सहभागी भए वापत प्रोत्साहन, जोरमादल मिडिया प्रा.लिलाई मौलिक बाजा प्रवर्धन र झाक्री नाच प्रतियोगिता वापत, युवराज ठाडा मगर वडा नं ८ मा तीज कार्यक्रम वापत, वडा सचिव मुकेश प्रसाद कुशवाहा वडा नं १ मा तीज कार्यक्रम वापत आर्थिक सहायता वितरण गरेको उदाहरण भेटिएका छन्, आर्थिक सहायता दिने प्रवृत्ति विश्लेषण गर्दा आर्थिक सहायता दिन नहुने र दिन आवश्यक नपर्ने व्यक्ति,संस्थालाई समेत विभिन्न शिर्षकबाट आर्थिक सहायता दिएको औचित्य देखिदैन।यसमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ।

१८ अन्य निकायको खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। साथै पालिकाले आफ्नो क्षेत्राधिकार तथा आफु अन्तरगत रहेका संघ,संस्था तथा निकायलाई मात्र कार्यालय सञ्चालनको लागि बजेट विनियोजन तथा खर्च गर्ने गर्नुपर्दछ। पालिकाले बकैया गाउँपालिकाको खर्च सम्बन्धि मापदण्ड, २०८१ को बुँदा नं १ को उप बुदाँ नं ७ (१७ देखि २० सम्म) मा पालिका भित्रका अस्थाई र ईलाका प्रहरी कार्यालयलाई मासिक उपलब्ध गराइने ईन्धनको परिमाण तोकेको छ। साथै पालिकाले यस्ता कार्यालयमा अन्य विविध खर्चको भुक्तानी गरेको पनि देखियो। यसरी संघीय सरकार अन्तरगतको कार्यालयलाई देहाय बमोजिमको कार्यका लागि आफ्नो खर्च मापदण्डमा नै व्यवस्था गरी खर्च गरेको नियमानुसार देखिएन। यि कार्यालयको आफ्नै वजेट तथा अख्तियारी हुने हुनाले पालिकाले अन्य निकायलाई सहयोग गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। साथै माथिल्लो तहका कार्यालयको लागि खर्च गरेको रकम नियमसंगत नभएको रू.

गो. भौ . नं र मिति	कार्यालयको नाम	खर्चको व्यहोरा	रकम रु
विभिन्न भौचर	ठिंगन ईलाका प्रहरी कार्यालय	ईन्धन वार्षिक ३२० लि.	५१२००
विभिन्न भौचर	फापरबारी ईलाका प्रहरी कार्यालय	ईन्धन वार्षिक ३८५ लि.	६१६००
विभिन्न भौचर	प्रहरी चौकी हात्तिसुडेँ	ईन्धन वार्षिक ३३० लि.	५२८००
विभिन्न भौचर	अस्थाई प्रहरी विट गरगरे	ईन्धन वार्षिक २१० लि.	३३६००
विभिन्न भौचर	अस्थाई प्रहरी विट धियाल	ईन्धन वार्षिक १२० लि.	१९२००
६५- ०८१ / ०७ / १२	प्रहरी चौकी गरगरे, प्रहरी चौकी हात्तिसुडे र अस्थाई प्रहरी पोस्ट धियाल	मौला पुजा खसी बोका ७५ के. जी	३९०००
५५१- ०८२ / ०३ / १४	अस्थाई प्रहरी पोष्ट तिनभंगाले	घरभाडा र विद्युत महसुल वापत	३२४२३
३९६- ०८२ / ०१ / १६	अस्थाई प्रहरी पोष्ट धियाल	सवारी मर्मत	५४००
जम्मा			२९५२२३

अनियमित भएको	२,९५,२२३

१९ **मेलापर्व/गुम्बा, सांस्कृतिक कार्यक्रम र विभिन्न संघ संस्थालाई सहयोग**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै पूर्वाधार निर्माण तथा दिर्घकालिन पूँजि निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। उक्त ऐनले संस्था, समुह, मेला, पर्व, जात्रा, यात्रा, संस्कृति, महोत्सव लगायतमा आर्थिक सहायता दिन मिल्ने कानूनी व्यवस्था गरेको देखिदैन। साथै ऐनको दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ। कार्यालयले देहाय बमोजिमका विभिन्न समितिलाई विभिन्न संघसंस्था, मेलापर्व, नाच प्रवर्धन, महोत्सव र सांस्कृतिक कार्यक्रमका लागि तोकादेश, बजेट व्यवस्थामार्फत, गाउँसभा र कार्यपालिकामा निर्णय गराएको आधारमा रकम भुक्तानी गरेको छ। यसरी वितरित सहायता र भुक्तानी खर्चमा आवश्यक पर्ने मापदण्ड र कार्यविधि निर्माण गरेको छैन। विभिन्न खाना खाजाको बील, सामग्री खरिदको बील, भ्रमणको बील, सरसामान भाडामा लिएको बील, पुरस्कार वितरणको भर्पाई लागायतका कागजात राखेकोमा निमयानुसार देखिएन। यसरी कार्यालयले पूर्वाधार निर्माण तथा दिर्घकालिन पूँजि निर्माण हुने क्षेत्रमा केन्द्रित भइ वितरणमुखी खर्चमा नियन्त्रण गर्दै आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ। केही उदाहरणहरु देहाय बमोजिमका छन्।

कार्यक्रम / सहयोग पाउने	वापत	रकम
मेला पर्व/ गुम्बा तथा सांस्कृतिक कार्यक्रम तर्फ		
झरना साहित्यिक परिवार मकवानपुर	बकैया कला साहित्य महोत्सव २०८१	४०००००
छोइसाङ गुम्बा वडा नं ७	ब्रत कार्यक्रम	७५०००
नेपाल तामाङ घेदुङ	सोनाम ल्होसार २८६१	६९१४०
नेपाल तामाङ घेदुङ	सोनाम ल्होसार	६०००००
दुर्गा पुजा समारोह समिति	दुर्गा पुजा	३०००००
टासी फन्छोकलिङ गुम्बा	३ दिने न्दुङनी ब्रत तथा पुर्जा कार्यक्रम	५००००
नेपाल माझी उत्थान संघ	कोशी पुजा	३०००००
टासी छ्योइलिङ्ग गुम्बा वडा नं ४	मौन व्रत	५००००
ङाग्यु कुन्गा येशे क्ष्योइखोर्लीङ गुम्बा	३ दिने पाठपुजा	५००००
जीवन ज्योती युवा क्लब	वृहत सांस्कृतिक कार्यक्रम २०८१	२०००००
संघसंस्था तर्फ		
मानव सेवा आश्रम		१०००००
मामाघर नेपाल	बाल संरक्षणका लागि गैर सरकारीसँग सहकार्य अनुदान	५००००
सिविन नेपाल		५००००

२० **जिन्सी मालसामानको व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले खरिद गरेका सामग्रीहरुको (खर्च भएर जाने र खर्च भएर नजाने) माग फारम, खरिद आदेश र जिन्सी दाखिला सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS मा नगरी Manual मा गरेको छ।

• यसरी Manual प्रणाली मार्फत सामाग्रीको दाखिला गरे पनि नियमानुसार जिन्सी दाखिला प्रतिवेदन नं, जिन्सी खाता पाना नं, जिन्सी वर्गिकरण नं उल्लेख नगरेका कारण खरिद भएका खप्ने र नखप्ने जिन्सी सामग्रीको अवस्था यकिन गर्न सकिएन।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। कार्यालयले यस वर्ष जिन्सी निरिक्षण गरेपनि पाम्स मार्फत जिन्सी निरिक्षण गरेको छैन। यसै गरी कार्यालयले जिन्सी निरिक्षणको प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

• कार्यालयबाट लेखापरीक्षणका क्रममा खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी सामग्रीको खाता माग गर्दा खप्ने सामग्रीको खाता पेश भएन। यसै गरी खर्च भएर जाने खाता पेश भएकोमा खरिद भएका सम्पूर्ण सामग्रीको दाखिला गरेको र सो को मौज्दात सबै बाकी रहेको देखियो। यसरी जिन्सी सामग्री दाखिलाको आधारभुत सिद्धान्तको प्रयोग कार्यालयले गरेको देखिएन।

• कार्यालयले ईन्धन र मर्मतका लागि पनि नियमानुसार PAMS को प्रयोग गरेको छैन।

• सोझै खरिद भएका मालसामानको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी ३ वटाको कोटेशन राखी सबैभन्दा घटी कबोल गर्नेसँग सामान खरिद गरेको देखियो।

• विविध खर्च शिर्षकबाट खरिद भएका कतिपय मालसामानमा नियमानुसार माग फारम, खरिद आदेश, मर्मत आदेश, मर्मत सम्पन्न, वितरण गर्नका लागि ल्याइएका सामग्रीको हस्तान्तरण लगायतका प्रक्रिया पुरा गर्नुपर्नेमा विजक मात्र पेश गरेको देखिएकोले सो सामग्री र भुक्तानी के र कुन प्रयोजनमा गरिएको हो सो को यकिन गर्न सकिएन।

यसरी कार्यालयले आफू मातहतका सम्पूर्ण निकायको जिन्सीलाई एकिकृत गरी Public Assets Management System (PAMS) मा खप्ने र नखप्ने सम्पूर्णको गत विगत देखिका सबै विवरण अध्यावधिक गर्ने साथै ईन्धन, मर्मत र जिन्सी निरीक्षणलाई पनि पाम्स मार्फत गरी जिन्सीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

२१ सम्पत्ति व्यवस्थापन

यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन् ।

(क) सम्पत्ति हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।

(ग) जिन्सी सम्पत्तिको सुरक्षा - आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तिको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तिको सकेत (Chart of Account) को आधारमा सम्पत्तिको लेखाकंन तयार हुने र स्वीकृत म.ले.प. फाराम अनुसार सम्पत्ति लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । मिति २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रूपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पत्ति कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख गरेको पाइएन । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै म.ले.प. फारामहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा खर्चलाई PAMS प्रविष्टि गरी पेश गर्नुपर्दछ ।

(घ) मालसामानको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम प्रतिशत स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(ङ) संरचना तथा कार्यालय गाभिएको अवस्थामा सम्पत्ति व्यवस्थापन - हाल स्थानीय तहहरू विगतका गाउँ विकास समितिहरु गाभिएर बनेका हुन् । त्यसै गरी आधारभुत प्राथमिक र माध्यमिक विद्यालयहरुको विद्यार्थी शिक्षक अनुपात घटी भएको अवस्थामा एक अर्कामा गाभिने व्यवस्था छ । त्यसै गरी अन्य किसिमका निर्मित संरचना विगतमा साविकका जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय एवं अन्य सङ्घ संस्थाले निर्माण गरेका विद्यालय, कार्यालय लगायतका सार्वजनिक प्रयोजनका भवन, फर्निचर तथा अन्य मेसिनरी औजार लगायतका सामग्री उक्त भवनहरु लगायतका संरचना विस्थापन गर्दा, भत्काउँदा वा तोकिएको वाहेक अन्य प्रयोजनको

लागि प्रयोग गर्न दिँदा, भौतिक रूपमा नष्ट गरिएको अवस्थामा पुन प्रयोग गर्ने सकिने प्रकृतिका मालसामान तथा मेसिनरी औजारहरुको लगत राख्ने, अर्को स्थानमा प्रयोग गरेको भए सो स्थानको निर्माण लागतमा परेको प्रभाव विश्लेषण गर्ने, अनुगमन गरी मूल्याङ्कनसहितको प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्यसको प्रतिवेदन तयार गरेको छैन । यसले गर्दा सार्वजनिक खर्चबाट निर्मित संरचनाको अवस्था त्यसको प्रयोग एवं भौतिक रुपमा नस्ट गरेको वा भत्काएको र त्यसको सामग्री अन्य प्रयोजनमा उपयोग भएका छन् वा छैनन् भनी यकिन गर्न सकिएन ।

२२ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२३ **अवण्डा वजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रम प्राथमिकीकरण गरी आय/व्यय अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहाय अनुसार रु.३ करोड २० लाख अवण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ । यो बर्ष पालिकाको पूँजीगत बजेट रु. २१ करोड ७२ लाख ७९ हजार भएकोमा अवण्डा वजेट १४.७४ प्रतिशत रहेको छ । अवण्डा रकम गाउँपालिका अध्यक्ष र उपाध्यक्षको तोक आदेश तथा कार्यपालिकाको पटक पटकको निर्णयबाट योजनाहरुमा बाँडफाँट भई खर्च हुने गरेको छ । यस्तो प्रवृत्तिले विनियोजन दक्षता कमजोर देखिने तथा वित्तीय अनुशासनको पालना नहुने अवस्था रहने हुँदा अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।पालिकाले अबण्डा बाट गरेको खर्चको विवरण निम्नानुसार रहेको छ ।

क्र स	कार्यक्रमको नाम	विनियोजन रकम	योजना संख्या	खर्च रकम
१	पालिका स्तरिय योजना संचालन	५५०००००	८	३७२५८४३
२	विविध कार्यक्रम खर्च अध्यक्ष स्तरीय चालु	१५४००००	१८	१५४००००
३	विविध कार्यक्रम खर्च उपाध्यक्ष स्तरीय पुजिगत	६०००००००	२५	५८१३६०७
४	विविध कार्यक्रम खर्च उपाध्यक्ष स्तरीय पुजिगत	३७६००००	३	६९०४८८
५	विविध कार्यक्रम खर्च उपाध्यक्ष स्तरीय पुजिगत	२४०००००	१	२४००००
६	विविध कार्यक्रम खर्च अध्यक्ष स्तरीय पुजिगत	८०००००००	३६	७९८६९३६
७	विविध कार्यक्रम खर्च अध्यक्ष स्तरीय पुजिगत	६६४००००	६	३२६८०९
८	विविध कार्यक्रम खर्च अध्यक्ष स्तरीय पुजिगत	३६००००	२	३५७२०३
		३२०४००००	८९	२०६८०८८६

२४ **आन्तरिक आय तर्फ**

२४.१ **आन्तरिक आयको प्रतिशत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले यस आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४१८५७६५९०.३४	३७३२९३०३	९.९१

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सामा ९.९१ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४.२ **राजस्व असुली** - आ.ब.२०८१।८२ को शिर्षक अनुसारको राजश्वको अनुमान तथा संकलनको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	राजस्व		प्राप्ती
	संकेत	नाम	
१	११३१३	सम्पती कर	१०,५८,८५७.७०
२	११३१४	भुमिकर/मालपोत	१७,५०,१४४.३०
३	११३१७	वहाल कर	८,३६,६४२.४४
४	११३१८	वहाल विटौरी कर	५०,४९०.००
५	११४५१	सवारी साधन कर (साना सवारी)	१,८००.००
६	११६११	व्यवसायले भुक्तानी गर्ने	३,०००.००
७	११६९१	अन्य कर	४,०१,०२६.००
८	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२,१०,४००.००
९	१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	४७,०९७.००
१०	१४२१८	विद्युत सेवा शुल्क	२००.००
११	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	१००.००
१२	१४२२४	परीक्षा शुल्क	२,५०,९००.००
१३	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४४,५५,८१६.००
१४	१४२४२	नक्सापास दस्तुर	३,२१,३२१.२४
१५	१४२४३	सिफारिश दस्तुर	१३,६९,६११.६५
१६	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	८,०४,१००.००
१७	१४२४५	नाता प्रमाणित दस्तुर	८९,९००.००
१८	१४२४९	अन्य दस्तुर	५,२७,७०४.९८
१९	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	१,४९,०००.००
२०	१४२६५	अन्य क्षेत्रको आय	१,४३,१४५.००
२१	१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	३,३७,४१७.००
२२	१४५२९	अन्य राजस्व	२५,९६,७६२.००
२३	१४६११	व्यवसाय कर	३,५४,४३७.००
२४	१५१११	बेरूजू	३१,८९,५२३.२८
जम्मा			१९११५०७९५

सम्पत्ति कर – पालिकाको आर्थिक ऐन,२०८१ को दफा २ मा पालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना (घर) मा पालिकाको कर र गैर कर राजश्व सम्वन्धी ऐन,२०८१ बमोजिम सम्पत्ति कर लगाउने र असुल उपर गर्ने व्यवस्था रहेको छ । साथै सम्पत्ति करको दर अनुसुचि-१ मा उल्लेख भए बमोजिम हुने व्यवस्था रहेको छ । पालिकाले सम्पत्ति करको तथ्याङ्क अध्यावधिक गरी राखेको छैन । यस वर्ष पालिकाले सम्पत्ति कर वापत रू. १०५८८५७। मात्र संकलन गरेकोमा

सो रकम वास्तविक हो भन्न सकिदैन।पालिकाले करको विभिन्न क्याटेगोरीहरु अनुसार तथ्यांङ्क अद्यावधिक गर्नुपर्दछ । त्यसरी बाकी कर रकम पालिकाले यकिन गरी असुल गर्नुपर्दछ।

मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ।आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन।यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको व्यवस्थित अभिलेख अध्यावधिक गरेको छैन। पालिकामा व्यवसाय गरेर बस्ने व्यवसायीको वास्तविक विवरण पालिका सँग रहेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर वापतको रु. ३,५४,४३७.०० मात्र संकलन गरेको छ।जुन् शुल्क यथार्थ मान्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२४.३ **सामुदायिक वनबाट आम्दानी** - स्थानिय सरकार संचालन ऐन,२०७४(संशोधन सहित) को दफा ६२(ख) १ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा ६२(ख) २ मा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपभोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना पालिकामार्फत स्वीकृत गराउने नगरेको तथा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको सञ्चित कोषमा दाखिला गरेको देखिएन ।ऐनमा व्यवस्था भए बमोजिम सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको संचित कोषमा दाखिला गराउनु पर्दछ ।

२४.४ **कार्यालय तथा वडागत राजश्व संकलन तथा असुली** – पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका तथा वडा अनुसारको राजश्व संकलनको विवरण निम्नानुसार रहको छ ।

क्र.सं.	राजस्व संकलन गर्ने कार्यालय	संकलन रकम
१	गाउँपालिका	१२९९९५४२
२	वडा नं.१	३५९७२६
३	वडा नं.२	२०७४२४
४	वडा नं.३	९५०१५१
५	वडा नं.४	१४८६६२०
६	वडा नं.५	९२६००५
७	वडा नं.६	३६०३७६
८	वडा नं.७	५३२१२५
९	वडा नं.८	२७७४९८
१०	वडा नं.९	२२६०९४
११	वडा नं.१०	४१०९६८
१२	वडा नं.११	१६७५२४
१३	वडा नं.१२	२४६७३७
जम्मा		१९१५०७९५

२४.५ **आयको अनुमान तथा संकलन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. १६ करोड ९८ लाख ६ हजार (कुल बजेटको १८.४६ प्रतिशत) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ३ करोड ७३ लाख २९ हजार (दहत्तर बहत्तर समेत) २४ वटा राजश्व शिर्षकबाट राजश्व संकलन भएको छ।पालिकाले आन्तरिक स्रोतको दायरा फराकिलो पारी संकलीत राजश्वबाट पुँजि निर्माण तथा उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ ।पालिकाले विगत ३ वर्षको अनुमानित राजश्व तथा संकलन गरेको राजश्वको विवरण निम्नानुसार रहेको छ ।

आर्थिक वर्ष	अनुमानित राजस्व	यथार्थ सङ्कलन	अघिल्लो वर्षभन्दा घटी/बढी रकम
२०७९।८०	४८८६९०००	४०६६४३६८	(८२०४६३२)
२०८०।८१	१२८६८४०००	१०९९५५८६२	(१८७२८१३८)
२०८१।८२	१६९८०६०००	३७३२९३०३	(१३२४७६६९७)

२५ **ढुङ्गा, गिट्टी बालुवाको शुल्क**

ढुङ्गा, गिट्टी बालुवाको शुल्क सम्वन्धमा देखिएका वेहोरा निम्नानुसार रहेका छन् ।

२५.१ **राजस्व** - यस पालिकाले आ व २०८०।८१ मा ढुंगा,गिट्टि,वालुबा संकलन तथा विक्रिको ठेक्काबाट रु ९ करोड ६२ लाख ५३ हजार संकलन भएकोमा यस आर्थिक वर्षमा IEE स्विकृत नभएका कारण खोलामा आय ठेक्का व्यवस्थापन गर्न नसकिएको अवस्था रहेको छ । गत आर्थिक वर्षमा प्राप्त गरेको राजश्व यो आर्थिक वर्षमा पनि प्राप्त गर्ने सम्भावना रहेको तथा पालिकाले स्थानीय राजश्व वाँडफाँटबाट

गत वर्ष संकलित रु ९ करोड ६२ लाख बराबरको राजस्व यस वर्ष पनि संकलन हुने प्रक्षेपण सहित उक्त राजश्वबाट बजेट विनियोजन गरेको अवस्थामा समेत उक्त राजश्व संकलनको सुनिश्चित गर्न जनप्रतिनिधि तथा कर्मचारीले IEE प्रक्रिया छिटो टुंग्याउने, TOR वा प्रतिवेदन स्वीकृतिमा ढिलाइ भएमा तत्काल समाधान खोज्ने, राजस्व गुम्ने अवस्थालाई रोक्न वातावरणीय परीक्षण छिटो टुंग्याउनेतर्फ जोड दिने, परामर्शदाता र जिल्ला समन्वय समितिसँग निरन्तर सम्पर्कमा रहि प्रतिवेदन स्वीकृत गराउने कार्य तथा जिल्ला समन्वय समिति मकवानपुरले स्थानीय तहको राजश्व गुम्ने सम्भावनालाई मध्येनजर राखी उक्त TOR स्विकृत गराउने तर्फ ध्यान दिएको देखिएन।उक्त कार्यमा संलग्न पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ।

२५.२ **प्रारम्भिक वातावरणिय परीक्षण** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क)(१) अनुसार गाउँपालिका तथा पालिकाको आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परीमाणमा स्लेट,ढुंगा,गिट्टि बालुवा तथा माटोजन्य वस्तुको विक्रि गर्नसक्ने व्यवस्था रहेको छ।त्यसैगरी बागमती प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को दफा ९ अनुसार ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा र स्लेट संकलनमा अनुसूची-५ बमोजिम मूल्य अभिवृद्धि कर बाहेक प्रति घन फिट रु.७।०० शुल्क लाग्ने व्यवस्था छ।यस पालिका क्षेत्र भित्रका ६ ठाउँमा दिगो र वातावरणमैत्री रुपले ढुंगा,गिट्टि तथा बालुवा उत्खनन् र संकलन कार्यको लागि सोझै खरिद विधिबाट निम्नानुसारका परामर्शदाता नियुक्ति गरि IEE गर्न कार्यदिश दिएकोमा उक्त परामर्शदाताले IEE प्रतिवेदनको कार्य नगरेको कारण भूक्तानी भएको देखिदैन।२०८१।०८।०३ गते कार्यपालिकाका अध्यक्ष श्री धर्मराज लामिछानेज्यूको अध्यक्षतामा बसेको वैठकको निर्णय ७ मा IEE प्रतिवेदन स्विकृतिको लागि जिल्ला समन्वय समिति,मकवानपुरमा पठाउने निर्णय भएको र पालिकाको मिति २०८१।०८।१५ मा जिल्ला समन्वय समितिलाई ६ वटा खोलाको विभिन्न स्थानको प्रारम्भिक वातावरणिय परीक्षणको प्रतिवेदन स्विकृतिको लागि पठाईएको देखिन्छ ।जिल्ला समन्वय समिति,मकवानपुरले IEE को TOR स्विकृत नगरेको कारण उक्त प्रतिवेदन तयार हुन नसकेको जनाएको छ। जिल्ला समन्वय समितिसँग निरन्तर समन्वय गरी IEE को TOR शीघ्र स्वीकृत गराउने कार्यको पहल पालिकाले गरेको देखिदैन ।

क्र स	ठाउँको नाम	स्विकृत परामर्शदाता	सम्झौता रकम रु	कार्यदिश मिति
१.	चम्पाखहरे खोला	Blackstone Consultant Pvt Ltd Kathmandu	४३५०००।	२०८१।१२।२१
२.	बकैया खोला	Civil Work Consultancy Pvt Ltd	४९०९८५	२०८१।१२।२१
३.	जुईन सुकौरा खोला	नव्ये टेक्नोलोजि प्रा लि	४९४४६३	२०८१।१२।२२
४.	मामदमार खोला	Rudrakali Consultant Pvt Ltd	४३३०००	२०८१।१२।२१
५.	कालापानि खहरेखोला	Radiant Engineering and Construction services	४३२०००	२०८१।१२।२१
६.	देउराली सुकौरा खोलाको झोलपानी र देउराली	एडन ईन्जिनियरिङ्ग सलुसन	४९३४९२	२०८१।१०।२५

२६ **औधोगिक ग्राम**

पालिकामा एक कृषि औधोगिक ग्राम सञ्चालनमा आएको छ । यस सम्वन्धमा देखिएका वेहोरा निम्नानुसार रहेका छन्।

२६.१ **कार्यविधि** - पालिकाले बकैया औधोगिक ग्राम सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०८० कार्यान्वयनमा ल्याएको छ ।उक्त कार्यविधि सम्वन्धमा निम्न वेहोरा देखिएका छन् ।

(क) उक्त कार्यविधिको दफा ४ मा रहेको संचालक समितिको काम,कर्तव्य र अधिकारमा रहेका विषयहरु वार्षिक रुपमा आफ्नो खर्च सार्वजनिक गर्ने,औधोगिक ग्राममा रहने कर्मचारीको दरबन्दि निर्धारण गर्ने,बजेट तर्जुमा तथा कार्यक्रम सञ्चालनको लागि नीतिगत मार्गदर्शन गर्ने लगायतका कार्यहरु गरेको पाईएन ।

(ख) कार्यविधिको दफा ९ मा प्रमुख कार्यकारी अधिकृत रहने व्यवस्था रहेकोमा उक्त पदको नियुक्ति भएको पाईएन ।

(ग) कार्यविधिको दफा १६ मा औधोगिक ग्राम विकास निर्माण गर्ने तरिका उल्लेख छ । उक्त व्यवस्था अनुसार कुन तरिका अपनाउने भन्ने पालिकाले निर्णय गरेको पाईएन ।

(घ) कार्यविधिको दफा १९ मा गुनासो व्यवस्थापन सम्वन्धमा गुनासो सुन्ने अधिकारी तोक्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त अधिकारी तोकेको पाईएन ।

(ङ) कार्यविधिको दफा २२ मा वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा औधोगिक ग्रामको वार्षिक प्रतिवेदन सार्वजनिक भएको पाईएन ।

(च) पालिकाले कार्यविधिमा उल्लेखित प्रावधानहरू पूर्ण रुपमा कार्यान्वियन गर्नुपर्ने, औधोगिक ग्राम विकास निर्माणको तरिका स्पष्ट निर्णय गर्नुपर्ने, गुनासो व्यवस्थापन अधिकारी तोक्नुपर्ने तथा वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने देखिन्छ ।

२६.२ **खरिद व्यवस्थापनः** बकैया गाउँपालिकाको औधोगिक ग्राम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० को दफा १३ मा औधोगिक ग्राम संचालानार्थ खरिद गर्नुपर्ने सेवा तथा सामाग्रिहरुको खरिद सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुने उल्लेख छ ।सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ। पालिकाले उक्त ग्राम सञ्चालनको लागि आवश्यक पर्ने कच्चा पदार्थ रु ३४८०६७४८ को खरिद गरेकोमा खरिद ऐनको पालना नगरी पटक पटक सोझै खरिद गरेको देखिन्छ । पालिकाले खरिद कार्यलाई प्रतिस्पर्धि वनाई खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । कच्चा पदार्थको निरन्तर र भरपर्दो आपूर्ति सुनिश्चित गरी मूल्य स्थिरता र गुणस्तर नियन्त्रणमा ध्यान दिनुपर्दछ ।वार्षिक रूपमा खरिद योजना तयार गरी सोहीबमोजिम खरिद प्रक्रिया अगाडि बढाउने जस्ता खरिद व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिएको छ ।

२६.३ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ।पालिकाले उक्त औधोगिक ग्रामको लागि खरिद भएका सामाग्रिहरुको PAMS दाखिला गरी त्यसको अद्यावधिक विवरण तयार गरेको देखिएन । व्यवस्थापनलाई सहज बनाउन सूचना प्रविधि (IT) जस्तै: जिन्सी/स्टक व्यवस्थापन सफ्टवेयर, लेखा प्रणाली सफ्टवेयरको प्रयोग गर्नुपर्दछ ।

२६.४ **आम्दानी तथा खर्चः** पालिकाले यो आर्थिक वर्षमा पालिकाको आन्तरिक श्रोतबाट रु. ७,५०,०००/-, प्रदेश सरकारको अनुदानबाट रु. ४०,००,०००/-, संघीय सरकारको अनुदान रु. २,५५,००,०००/- तथा दाना तथा साईलेज विक्रि वापत प्राप्त आम्दानी रु. ३,२०,४८,७४५/- गरी जम्मा रु. ६,२२,९८,७४५/- बजेट विनियोजन भएकोमा कच्चा पदार्थको खरिदमा रु. ३,४८,०६,७४८/-, भौतिक पूर्वाधार निर्माणको लागि रु. १,३७,१४,०५३/- तथा कार्यालय सञ्चालनको लागि रु. ६१,७१,४३१/- गरी जम्मा रु. ५,४६,९२,२३२/- खर्च भएको छ भने वचत रकम रु. ७६,०६,५१३/- रहेको छ ।

औद्योगिक ग्राम	विनियोजित रकम	कैफियत
आन्तरिक श्रोत	७५००००	
प्रदेश सरकार अनुदान	४००००००	
संघीय सरकार अनुदान	२५५००००००	
दाना तथा साईलेज बिक्रीबाट आम्दानी	३२०४८७४५	
जम्मा आम्दानी	**६२२९८७४५**	
खर्च		
कच्चा पदार्थ खरिद	३४८०६७४८	प्लाष्टिक,बोरा,मोलासिस सहित
पूर्वाधार निर्माण	१३७१४०५३	मेशिनरी औजार तथा ट्र्याक्टर खरिद सहित
कार्यालय संचालन तथा प्रशासनिक र विविध खर्च	६१७१४३१	सुरक्षा गार्ड,कामदार ज्याला सहित
जम्मा खर्च	**५४६९२२३२**	

२६.५ **वक्यौता रकम** – उक्त ग्रामबाट उत्पादन भएका दानाहरु विक्रि गरेको शुल्क समय मै पालिकाको खातामा जम्मा गर्नुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसारका सहकारी संस्थाले आ व २०८१।८२ को रकम ढिलो (आ व २०८२।८३) जम्मा गरेका छन् ।यो आर्थिक वर्षमा ७ वटा सहकारी संस्थालाई रु ३१५२२९७० को दाना विक्रि भएकोमा सोही आर्थिक वर्षमा रु २९१०७०३० मात्र पालिकाको खातामा जम्मा भएको देखिन्छ ।वाँकि रकम रु २४१५७४० अर्थात् विक्रि रकमको ७ प्रतिशत रकम अर्को आर्थिक वर्षमा जम्मा भएको देखिएको छ । पालिकाले यसको तथ्यांक भरपर्दो पारदर्शि र सूचना प्रविधिमैत्रि वनाई विक्रि व्यवस्थापनमा थप ध्यान दिनुपर्ने देखिएको छ ।

क्र स	सहकारी संस्थाको नाम	जम्मा विक्रि रकम	संकलन रकम	वाँकि रकम	रकम वुझाएको मिति
१	एकीकृत कृषि बहुउद्देश्यिय संस्था	७६७००००	६९२२०००	७४८०००	२०८२।०५।१०
२	हात्तिसुँडे दुग्ध उत्पादक सहकारी संस्था	४८२०३३२	४१८३३३२	६३७०००	२०८२।०५।१९
३	हात्तिखोला दुग्ध उस	५७९७७२७	५६५०९८७	१४६७४०	२०८२।०५।१९
४	सकृय कृषक सहकारी	२४४९२३२	२२९३२३२	१५६०००	२०८२।०५।१७
५	पावस दुग्ध उ स	६५४२८३३	६४१२८३३	१३००००	२०८२।०५।१७
६	तिनतले दुध उ स	२१९०९८६	१७४८९८६	४४२०००	२०८२।०५।११
७	शिखरपुर दुग्ध उ स	२०५१६६०	१८९५६६०	१५६०००	२०८२।०५।१०
जम्मा		३१५२२९७०	२९१०७०३०	२४१५७४०	

२७ पदाधिकारी सेवा सुविधा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरी अनुसुची १ (क), १ (ख) र १ (ग) मा उल्लेख गरिएको छ। ऐनमा भएको सुविधाको अधिनमा रहि कार्यालयले गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य गरी ४६ जना जनप्रतिनिधिलाई प्रदेश कानुन बमोजिम स्थानीय तहका पदाधिकारीहरुको अन्य भत्ता र स्थानीय तहका पदाधिकारीहरुको अन्य सुविधा शिर्षकबाट रु. १,००,००,०००/- बजेट विनियोजन गरी सेवा सुविधा वापत जम्मा रु. ७८,३०,०००।- भुक्तानी गरेको छ।

क्र. सं	पदाधिकारी	संख्या	मासिक सुविधा (प्रति सदस्य)	जम्मा वार्षिक
१	गाउँपालिका अध्यक्ष	१ जना	रु. ३४ , ००० /-	४, ०८ , ००० /-
२	गाउँपालिका उपाध्यक्ष	१ जना	रु. ३० , ००० /-	३, ६० , ००० /-
३	वडाध्यक्ष	१ जना	रु. २३ , ००० /-	२, ७६ , ००० /-
४	वडाध्यक्ष	९ जना	रु. १९ , ००० /-	२०, ५२ , ००० /-
५	कार्यपालिका सदस्य	६ जना	रु. १२ , ००० /-	८, ६४ , ००० /-
६	वडा सदस्य	४३ जना	रु. ७ , ५०० /-	३८, ७० , ००० /-
जम्मा				७८, ३० , ०००

२८ **पदाधिकारी दुर्घटना बीमा** (494-2082-02-29):

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन सहित) अनुसुची १ (क) मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरिएको छ। उक्त ऐनको दफा १२ मा पदाधिकारीको सुविधा निर्धारण गर्नका लागि गाउँसभा वा नगरसभाले यस ऐनमा तोकेको सुविधालाई अधिकतम मानी आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा क्षमता समेतको आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ। यसरी पालिकाले ऐनमा तोकेको सुविधाका अलावा पदाधिकारी दुर्घटना बिमामा रु.२ लाख बजेट विनियोजन गरी निको इन्सुरेन्स लिमिटेड बाट पालिकाका पदाधिकारीको दुर्घटना बिमा गरी रु.१,०८,५२०/- भुक्तानी गरेको छ। यसरी ऐनमा व्यवस्था नभएको सुविधा वापतको रकम नियमसम्मत नभएको रु.

अनियमित भएको	१,०८,५२०

२९ **जनप्रतिनिधिको ईन्धन सुविधा**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन सहित) अनुसुची १ (क) मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरिएको छ। उक्त ऐनको दफा १२ मा पदाधिकारीको सुविधा निर्धारण गर्नका लागि गाउँसभा वा नगरसभाले यस ऐनमा तोकेको सुविधालाई अधिकतम मानी आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा क्षमता समेतको आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ। तर गाउँपालिकाले मिति २०८१/०४/०४ गतेको कार्यपालिका वैठकको निर्णय नं २ मा जनप्रतिनिधिहरुको ईन्धन सुविधाको सम्बन्धमा गाउँपालिकाका केही वडाहरु गाउँपालिका कार्यालयबाट टाढा रहेको र वडा अध्यक्षहरु र कार्यपालिका सदस्यलाई प्रदेश ऐन बमोजिमको ईन्धनको मासिक सुविधाको परिमाण कम भई सेवा प्रवाहमा कठिनाई हुने उल्लेख गरी देहाय बमोजिम मासिक ईन्धन सुविधा उपलब्ध गराउने निर्णय गरेको देखियो। यसरी बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन सहित) को दफा १४ मा यस ऐनमा व्यवस्था भए बाहेकका अन्य सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुने उल्लेख गरेकोमा गाउँ कार्यपालिका वैठकको निर्णयबाट पदाधिकारीलाई सुविधा थप गरेको कार्य नियम सम्मत नदेखिएको रु.

क्र. सं	वडा नं	प्रदेश ऐन अनुसारको ईन्धन सुविधा	कार्यपालिकाबाट थप ईन्धन सुविधा	बढी थप ईन्धन सुविधा वार्षिक (सबैको)	रकम
१	वडा नं १ का वडाध्यक्ष	मासिक २० लिटर प्रति सदस्य	मासिक २० लिटर	१२० लिटर	१९२००
२	वडा नं २ का वडाध्यक्ष	मासिक २० लिटर प्रति सदस्य	मासिक २० लिटर	१२० लिटर	१९२००
३	वडा नं १०, ११ र १२ का वडाध्यक्ष	मासिक २० लिटर प्रति सदस्य	मासिक १५ लिटर	५४० लिटर	८६४००
४	वडा नं ६, ७ , ८ र ९ का वडाध्यक्ष	मासिक २० लिटर प्रति सदस्य	मासिक १० लिटर	४८० लिटर	७६८००
५	वडा नं ३, ४ र ५ का वडाध्यक्ष	मासिक २० लिटर प्रति सदस्य	मासिक ५ लिटर	१८० लिटर	२८८००
६	कार्यपालिका सदस्य (६ जना)	नभएको	मासिक १० लिटर	७२० लिटर	११५२००
जम्मा					३४५६००

अनियमित भएको	३,४५,६००

३० **वडा समिति बैठक भत्ता**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७५ (पहिलो संसोधन सहित) को दफा १० मा पदाधिकारी सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सोही खाता मार्फत भुक्तानी गर्नुपर्ने उल्लेख छ। तर पालिकाले वडा समितिको वैठक भत्ता वापतको रकम सम्बन्धित वडा समिति सदस्यको खातामा दाखिला गर्नुपर्नेमा वडा सचिवले सोधभर्ना लिई भर्पाइ गरेको देखियो। ऐनमा भएको व्यवस्थाको पालना गरेको देखिएन। यस तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ।

क्र. सं	वडा नं	सोधभर्ना लिने	वडा समिति सदस्य संख्या	वार्षिक वैठक संख्या	वैठक वापत भुक्तानी
१	वडा नं १		६ जना		१४४०००
२	वडा नं २		५ जना		१२००००
३	वडा नं ३		६ जना		१४४०००
४	वडा नं ४		५ जना		१२००००
५	वडा नं ५		६ जना		१४४०००
६	वडा नं ६		६ जना		१४४०००
७	वडा नं ७		६ जना		१४४०००
८	वडा नं ८	सम्बन्धित वडाको वडा सचिव	६ जना		१४४०००
९	वडा नं ९		६ जना	प्रति सदस्य २४ वटा वैठक	१४४०००
१०	वडा नं १०		६ जना		१४४०००
११	वडा नं ११		६ जना		१४४०००
१२	वडा नं १२		६ जना		१४४०००
जम्मा सम्बन्धित वडा सचिवले वडा समिति वैठक भत्ता वापत सोधभर्ना लिएको रकम					१६८००००

३१ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ (संसोधन सहित) को नियम ३ मा भ्रमण आदेशको स्वीकृती, नियम १० मा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि, नियम १८ मा भ्रमण सम्बन्धी बिल भर्पाइ र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ। यस्तै बकैया गाउँपालिकाको खर्च सम्बन्धी मापदण्ड २०८१ को बुदाँ नं १ को उपबुँदा नं ७ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्बन्धी खर्चको मापदण्ड तथा भ्रमण खर्चको व्यवस्था गरेको छ। पालिकाले यस वर्ष पदाधिकारी भ्रमण खर्च शिर्षक, भ्रमण खर्च शिर्षक र अन्य भ्रमण खर्च शीर्षकमा जम्मा रु.२५,००,०००/- बजेट व्यवस्था गरी रु.१९,५७,५००/- खर्च गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

• विभिन्न कर्मचारी र पदाधिकारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि सिलसिलेवार भ्रमण अभिलेख राखेको छैन। त्यस्तै वडा कार्यालयका पदाधिकारीले वडामै भ्रमण आदेशको दर्ता गरेको देखियो।

• विभिन्न कार्यक्रमको लागि भ्रमण गरेकोमा कार्यक्रमको उपस्थितिका लागि पठाएको पत्र र यस कार्यालयबाट कर्मचारी तथा पदाधिकारीलाई छनौट गरी पठाएको पत्र राखेको देखिएन।

• गाउँपालिका अध्यक्षको ३ दिन भन्दा बढीको भ्रमण खर्च कार्यपालिका वैठकबाट स्वीकृत गर्नुपर्नेमा गाउँपालिका अध्यक्ष आफैले स्वीकृत गरेको देखियो।

पालिकाले कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

३२ **ईन्धन खर्च**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १४ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याइ खर्च गर्नुपर्ने उल्लेख छ। यसै गरी बकैया गाउँपालिकाको खर्च सम्बन्धी मापदण्ड, २०८१ को बुदाँ नं २ मा पदाधिकारी (वडा अध्यक्ष र कार्यपालिका सदस्य) लाई प्रदेशमा व्यवस्था भएको ईन्धन सुविधाको मापदण्ड भन्दा थप सुविधा उपलब्ध गराउने उल्लेख छ । कार्यालयले ईन्धनका लागि ईन्धन (पदाधिकारी), ईन्धन (कार्यालय प्रयोजन), ईन्धन (ब्याक्हो लोडर, ट्याक्टर) र ईन्धन (अन्य प्रयोजन) शिर्षकमा जम्मा रु.१,१०,००,०००/- बजेट विनियोजन गरी बाबा भोला फ्यूल सेन्टर प्रा. लि साथै अन्य विभिन्न स्टोरबाट विभिन्न मिति र भौचरबाट ईन्धनको कुपन प्रयोग गरी र सोझै बिल पेश गरी रु.९०,०५,७३३/- खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा पालिकाले ईन्धनको प्रविष्टी PAMS मा गरेको पाईएन। प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरेर मात्र इन्धन खर्च गर्नुपर्दछ। सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नुपर्दछ।

पदाधिकारी र कर्मचारीले ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम ईन्धन प्रयोग गर्ने तर्फ बिशेष ध्यान दिनुपर्ने देखिन्छ।

३३ सवारी साधन मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौँ संसोधन) को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ। कार्यालयले यस वर्ष सवारी साधन मर्मत खर्च (ब्याक्हो लोडर, ट्र्याक्टर), सवारी साधन मर्मत खर्च (चार पाङ्ग्रे), सवारी साधन मर्मत खर्च (दुई पाङ्ग्रे) र मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च लगायतका शिर्षकमा जम्मा रु. ६५,००,०००/- बजेट विनियोजन गरी रु.४४,७२,८४६/- खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयबाट सवारी साधन र मेशिनरी औजार मर्मत गर्दा नियमानुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मार्फत अनिवार्य रुपमा मर्मत संभार आवेदन फारम र मर्मत सम्पन्न अभिलेख राख्नुपर्ने भनी निर्देशन गरेकोमा पालिकाले सवारी साधन र मेशिनरी औजारको मर्मतमा PAMS को प्रयोग नगरी Manual मर्मत आदेश मार्फत गरेको देखियो। यसरी राखिएको Manual मर्मत आदेश पनि नियमानुसार व्यवस्थित राखेको देखिएन। यसरी प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मार्फत मात्र सवारी साधन र मेशिनरी औजार मर्मत गरी खर्च गर्नुपर्दछ।
पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। तर पालिकाले यसको प्रयोग गरेको देखिएन। कार्यालयले नियमावली र निर्देशिकामा भएको व्यवस्था बमोजिम मर्मत खर्चलाई व्यवस्थित गरी अभिलेखलाई अध्यावधिक गर्नुपर्ने देखिन्छ।

३४ पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम सार्वजनिक निकायले प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ। विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकायले सूचना प्रकाशनवापतको रकम भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम नियमावलीमा भएको व्यवस्थाको आधारमा गर्नु पर्ने उल्लेख छ। साथै उपनियम (३) मा उपनियम (२) बमोजिम सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भक्तानी गर्नु अघि ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम कट्टा गर्नु पर्नेछ। पालिकाले यस वर्ष गाउँपालिका तथा मातहत कार्यालयको छपाइ तथा सुचना प्रकाशन खर्चमा जम्मा रु.१३,००,०००/- बजेट विनियोजन गरी रु.१२,९४,६६५/- खर्च गरेको छ । यसै गरी विज्ञापन एजेन्सीले संचार माध्यमले जारी गरेको बील पेश नगरी आफ्नो मात्र बील समावेश गरी सुचना प्रकाशन वापतको भुक्तानी लिएको देखियो । खर्चमा मितव्ययीता ल्याउन ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ।

३५ विद्युत महसुलको जरिवाना भुक्तानी (252-2081-11-11):

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को बुदाँ नं ८ मा पानी, बिजुली र संचार महसुलवापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। केही भौचरहरु छनौट गरी परीक्षण गर्दा कार्यालयले विद्युत महसुलको जरिवाना स्वरुप रु. १,२६,१९५/- सहित महशुल भुक्तानी गरेको पाइयो। कार्यालयले यस्ता युटिलिटी खर्चमा समयमै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा म्याद समाप्त भएपछि ५% देखि २५% सम्म जरिवाना समेत विल रकमको भुक्तानी गरेको कार्य नियमसंगत नदेखिएको रु.

क्र. सं	कार्यालय	बिल रकम	जरिवाना दर	जरिवाना रकम
१	गाउँपालिका	९२३१	५% र २५ %	२०४९
२	गाउँपालिका	१६५९१	५% र २५ %	३७८४
३	गाउँपालिका	६६७५३	५% र २५ %	१६४३०
४	प्रा. स्वा . केन्द्र	२३९२१३	१०% र २५ %	५६४८१
५	कृषि सेवा सम्पर्क केन्द्र	१४९५९	१०% र २५ %	३४०२
६	वडा कार्यालय	१८४५७	१०% र २५ %	४३६४
७	गाउँपालिका	१०८०७०	१०% र २५ %	२३७७९
८	दियाल स्वा. चौकी	५१६१५	१०% र २५ %	११०१५
९	वडा नं १	१०६३०	२५.००%	२६५७
१०	वडा कार्यालय	६३५२	५% र २५ %	१२४८
११	वडा कार्यालय	४४२६	५% र २५ %	९८६
जम्मा				१२६१९५

अनियमित भएको	१,२६,१९५

३६ **निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम** (५७०-2082-03-18):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। नियमावली २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले असहाय बालबालिकालाई संरक्षण गरेको परिवार र द्वन्द पिडित जम्मा ५५ वटा परिवारलाई विगत आर्थिक वर्षमा उपलब्ध गराएको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिदै यस वर्ष रु.२,११,४००/- रकम भुक्तानी गरेको देखियो। यसरी बिमा वापतको रकम स्वास्थ्य बिमा वोर्डलाई भुक्तानी गरेको छ। कार्यालयसँग यस सम्बन्धि कार्यविधि र निर्णय पेश गर्न भनिएकोमा लेखापरीक्षणको क्रममा पेश भएन। साथै ५५ वटा परिवारलाई छनौट गरेको आधार र कागजात पनि लेखापरीक्षणका क्रममा पेश भएन (बिमाको रसिद मात्र पेश)। यसरी कुनै पनि कार्यक्रम संचालन गर्दा ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यविधि बनाई सोही बमोजिम गर्नुपर्ने देखिन्छ।

३७ **विभिन्न बैठक भत्ता वितरण**

३७.१ **लक्षित वर्ग लक्षित वैठक भत्ता – गो.भौ.नं र मिति – ७०९-०८२/०३/२४ र ४६८-०८२/०२/२७ - चालु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कार्यालयका कर्मचारी र पदाधिकारीले लक्षित वर्ग केन्द्रित कार्यक्रम संचालन गर्दा र कार्यालयको नियमित प्रकृतिका कार्य संचालन गर्दा पनि वैठक भत्ता वापत भुक्तानी लिएको देखियो। यसरी नियमित कामका लागि र लक्षित वर्गको हितमा विनियोजित वजेट वैठक भत्तामा खर्च गरी देहाय बमोजिमका पदाधिकारी र कर्मचारीलाई भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

क्र. सं	पदाधिकारी/ कर्मचारी	वैठक संख्या	दर	भुक्तानी कर बाहेक
विपन्न नागरिक उपचार सिफारिस समिति र अपाङ्गता समन्वय समिति वैठक				
१	दिप कुमारी विश्वकर्मा	३	१०००	२५५०
२	रामपुकार बस्नेत	५	१०००	४२५०
३	डा. कुमार ढुङ्गेल	४	१०००	३४००
४	सन्तोष शाह	१	१०००	८५०
५	राम बालक प्र. यादव	२	१०००	१७००
६	नानु माझी	२	१०००	१७००
७	निर्मल दर्लामी	१	१०००	८५०
८	जनक तामाङ्ग	१	१०००	८५०
९	कृष्ण कुमार लामा	१	१०००	८५०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३५,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२८,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२८,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१७,०००

३७.२ **वैठकमा आमन्त्रित सदस्य** – अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०८१ (नवौँ संस्करण) को दफा ४५(६) मा बैठकमा आमन्त्रित सदस्यको रुपमा थप व्यक्ति राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म आमन्त्रित सदस्यलाई राखेर भत्ता प्रदान गर्न सकिने व्यवस्था छ। नमुना छनौटका आधारमा परीक्षण गरिएका निम्नानुसारका भौचरमा कार्यालयले बैठक भत्ता भुक्तानी गर्दा मापदण्डमा तोकिएको भन्दा बढी संख्यामा र विशेषज्ञ सेवा भन्दा बाहेकका आमन्त्रित सदस्यलाई भुक्तानी गरी थप आर्थिक व्ययभार पारेको रु.

गौ. भौ . नं।मिति	समिति	समिति सदस्य	आमन्त्रित सदस्य	आमन्त्रितलाई भुक्तानी रकम
१२३- ०८१ / ०८ / १७	प्रा. वि , नि . मा . वि तथा मा . वि शिक्षक छनौट तथा पदपूर्ती समिति वैठक	३ जना	५ जना	६६०००
३९१- ०८२ / ०१ / १४	नगर प्रहरी जवान पदको छनौट तथा पदपूर्ती समिति वैठक	३ जना	५ जना	४२०००
३३१- ०८१ / १२ / १०	फार्मेसी असिस्टेन्ट पदको छनौट तथा पदपूर्ती समिति वैठक	३ जना	८ जना	३९६००
५५६- ०८२ / ०३ / १४	मनोसामाजिक परामर्शकर्ता, वित्तीय साक्षरता सहजकर्ता र रिटर्नी स्वयमसेवक छनौट तथा पदपूर्ती समिति वैठक	३ जना	३ जना	३४८००
४८८- ०८२ / ०२ / २८	कार्यालय सहयोगी पदको छनौट तथा पदपूर्ती समिति वैठक	३ जना	३ जना	१६८००
जम्मा				१९९२००

अनियमित भएको	१,९९,२००

३८ **नगर प्रहरी पोशाक खरिद** (635-2082-03-21):

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको छ। पालिकामा नियुक्त भएका ५ जना नगर प्रहरीलाई चैत्र महिनाको तलब पारिश्रमिकबाट पोशाक भत्ता वापत प्रति व्यक्ति रु.१०,०००/- का दरले जम्मा रु.५०,०००/- भुक्तानी भएकोमा बानियाँ ट्रेडर्स बाट बिल नं ११२५ मिति २०८२/०२/०६

बाट नगर प्रहरीलाई पोशाक खरिद (बुट, बेल्ट, सिङ्गी गार्ड, ट्र्याक सुट, मोजा, स्पोर्टस जुत्ता गरी जम्मा ५ सेट) वापत भुक्तानी दिएको देखिएकोले उस्तै प्रयोजनका लागि भएको खर्च नियमानुसार नदेखिएको रु.

अनियमित भएको	५७,४०४

३९ निजि नम्बर प्लेट

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (संसोधन सहित) को दफा ९ मा सरकारी निकाय संघ, प्रदेश र स्थानीय तहले विभिन्न प्रकृयाबाट प्राप्त भएका रातो नम्बर प्लेटका सवारी साधनलाई सरकारी प्रकृया पुर्याई सेतो नम्बर प्लेटमा बनाउनु पर्ने उल्लेख छ। गाउँपालिकामा रहेको ना ४८ प २५१२ नं को दुई पाङ्ग्रे सवारी साधनलाई ऐनमा भएको व्यवस्था बमोजिम हाल सम्म पनि सेतो नम्बर प्लेटमा बनाएको देखिएन । यस तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

४० घरभाडा

सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ९४ को उपनियम ४ मा सार्वजनिक निकायले भाडामा लिने घर जग्गाको भाडा निर्धारण गर्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा 5 सदस्यीय भाडा निर्धारण समिति रहने र सोही नियमको उपनियम ७ र ८ बमोजिम समितिले घर जग्गाको भाडा निर्धारण गरेपछि सार्वजनिक निकायले घर जग्गा धनी संग सम्झौता गरी घर भाडामा लिनुपर्ने व्यवस्था छ। पालिकाको आफ्नो स्थानीय खरिद नियमावली नभएको अवस्थामा संघीय नियमावलीमा भएको भाडा निर्धारण समितिको निर्णय वेगर कार्यालय प्रयोजन तथा प्रमुख प्रशासकीय अधिकृतको आवास प्रयोजनको लागि यस वर्ष देहाय बमोजिमका घरधनीसँग घरभाडा सम्झौता गरी घरभाडा शिर्षकबाट रु.६,८२,८००। भाडा खर्च भुक्तानी गरेको छ। नियमको पालना गरी घरभाडा भुक्तानी गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

क्र. सं	घरधनीको नाम	भाडामा लिइएको कोठा	मासिक भाडा दर	जम्मा	अवधी
१	सुनमाया मोक्तान	८ कोठा	३८४००	४६०८००	वर्षभरी
२	जगतमान गोले	५ कोठा	१८५००	२२२०००	वर्षभरी
जम्मा				६८२८००	

४१ वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लिखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। यस्तो योजना र कार्यक्रमहरु जसले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउनेमा विद्यार्थीलाई न्यानो कपडा, स्टेशनरी, कपी वितरण, शैक्षिक भ्रमण र अवलोकन, फूलका विरुवा वितरण, फलफूलका विरुवा वितरण वापत खर्च लेखेकोमा यस्ता खर्चमा सुधार हुनु पर्दछ। केहि उदाहरणहरु निम्नानुसार रहेका छन्।

गो. भौ . नं र मिति	कार्यक्रम	फर्मको नाम	रकम
४२४- ०८२ / ०२/०१	वडा नं ५ विद्यार्थीहरुका लागि न्यानो कपडा, स्टेशनरी सामग्री वितरण	न्यू ॐ नमः शिवाय पत्र पत्रिका सेन्टर र सम्पूर्ण युनिफर्म ट्रेडर्स	२१००९८
४२२- ०८२ / ०२/०१	वडा नं ५ शैक्षिक भ्रमण र अवलोकन		१०००००
५५३- ०८२ / ०३/१४	वडा नं ६ गौतम बुद्ध पर्यटन पार्क र किसानलाई क्रमशः फूलका विरुवा र फलफूलका विरुवा वितरण	न्यू अम्रपाली नर्सरी फार्म र राकेश फलफूल नर्सरी बागवानी फार्म	२३३५००
५५०- ०८२ / ०३/१४	वडा नं १२ लहरे तरकारी खेतीका लागि विउ वितरण	किसान खेती सेवा पसल	५०७५०
५७१- ०८२ / ०३/१८	वडा नं ८ वडाध्यक्ष कपि बैंक स्थापना	नेपाल स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स	९९१३८
५६८- ०८२ / ०३/१७	वडा नं १ जेहेन्दार विद्यार्थी कपी वितरण	जय कापी उद्योग	१३७२९५

४२ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले निम्नानुसारको भुक्तानीमा आवश्यक प्रमाण संलग्न नगरेकोले प्रमाण पेश हुनुपर्ने रु.

गो. भौ . नं र मिति	फर्मको नाम	कामको विवरण	रकम	कैफियत
५४८- ०८२ / ०३ / ११	ग्यालेक्सी बुक हाउस	श्री कर्म प्राप्ती मा. विले कक्षा १० (४५ वटा) र ८ को (४७ वटा) १० सेट खरिद	६२७२०	विद्यार्थीलाई वितरण गरेको भर्पाइ पेश नभएको ।
५४८- ०८२ / ०३ / ११	ग्यालेक्सी बुक हाउस	श्री कर्म प्राप्ती मा. विले विभिन्न मसलन्द सामग्री खरिद	२२५००	खरिद भएका सामग्रीको खरिद आदेश र जिन्सी दाखिला नभएको ।
३५८, ५९२	राजधानी ल फर्म	कानुनी सेवा परामर्श खर्च	२५००००	कानुनी सेवा परामर्शको सम्झौता, गरेको काम र बिल भर्पाइ पेश नभएको ।
८९- ०८१ / ०७ / १४	चन्द्र सुर्य किराना स्टोर्स	विभिन्न १४ थान बिलबाट चामल, दाल , तेल , नुन लगायत सामान खरिद	१०६९२५	विपद व्यवस्थापन वापत वितरण गरेकोमा भर्पाइ पेश नभएको ।
३९७- ०८२ / ०१ / १६	चन्द्र सुर्य किराना स्टोर्स	विभिन्न १० थान बिलबाट चामल, दाल , तेल , नुन लगायत सामान खरिद	६०१८५	विपद व्यवस्थापन वापत वितरण गरेकोमा भर्पाइ पेश नभएको ।
४१३- ०८२ / ०१ / २२	रोशन ट्रेडर्स	वास्क हिटर, ड्रायर र हेयर आइरन १ / १ थान	२८८१५	वितरण भर्पाइ पेश नभएको ।
४१३- ०८२ / ०१ / २२	ताज इन्टरनेशनल	Industrial Sewing Machine Complit Set 14 थान and Industrial Sewing Machine Overlock Set 2 थान	२७२०००	वितरण भर्पाइ पेश नभएको ।
४९७- ०८२ / ०३ / ०१	चन्द्र सुर्य किराना स्टोर्स	विभिन्न ३ थान बिलबाट चामल, दाल , तेल , नुन लगायत सामान खरिद	२६८५०	विपद व्यवस्थापन वापत वितरण गरेकोमा भर्पाइ पेश नभएको ।
१२३- ०८१ / ०८ / १७	मनिता श्रेष्ठ र युवराज तिमिल्सिना	मा. वि , नि . मा . वि र प्रा . वि शिक्षकको अन्तरवार्ता (१५ सिफ्टको)	३५६००	सम्बन्धित व्यक्ति अन्तरवार्तामा उपस्थित भएको प्रमाण पेश नभएको ।
७४१- ०८२ / ०३ / २५	गाउँबशी क्रियशन प्रा. लि	लटरम्भेश्वर मन्दिरको भिडियो निर्माण	९९०००	जिन्सी दाखिला नभएको ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **५९,०९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **९९,१३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **९६,५१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७२,९२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	९,६४,५९५

४३ **सोधभर्ना भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। साथै नियम ४० (४) मा उपनियम २ बमोजिम नेपाल सरकारबाट सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैङ्क खातामा जम्मा हुने गरी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले विभिन्न खरिद, मर्मत, आर्थिक सहायता र विविध खर्च भुक्तानी कार्य गर्दा सम्बन्धित फर्म र व्यक्तिलाई रकम भुक्तानी नदिई कर्मचारी र पदाधिकारी मार्फत भुक्तानी दिएको छ। नियमको परिपालना गरी कर्मचारी र पदाधिकारी मार्फत भुक्तानी दिने परम्परालाई निरुत्साहित गर्नुपर्दछ।

४४ **विविध खर्च**

४४.१ **विविध, अतिथी सत्कार तथा सभा संचालन खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले यस वर्ष विविध खर्च शिर्षकमा रू. ५०,००,०००/- बजेट विनियोजन गरी रु.४६,२५,८८५/- खर्च गरेको छ। साथै सभा सञ्चालन तर्फ रु. ५,००,०००/- बजेट विनियोजन गरी रु.४,९९,७३०/- खर्च गरेको छ। यसै गरी अतिथी सत्कार खर्च तर्फ रु.१५,००,०००/- बजेट विनियोजन गरी जम्मा रु.७,२२,७०६/- गरेको छ। यसरी विविध खर्च, सभा संचालन खर्च र अतिथी सत्कार खर्च गरी जम्मा रु. ५८,४८,३२१/- खर्च गरेको छ। पालिकाको आन्तरिक आय रू.३,७३,२९,३०३/- को तुलनामा उक्त खर्चमा १५.६६ प्रतिशत खर्च भएको देखिन्छ। चालु प्रकृतिका खर्चमा नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

४४.२ **वडा र सेवा केन्द्रको विविध र अतिथी सत्कार खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा कार्यालय र सेवा केन्द्रको लागि विविध खर्च र अतिथी सत्कार खर्च वापत विविध खर्च (वडा) शिर्षक, अतिथी सत्कार (वडा) शिर्षक, अतिथी सत्कार खर्च (वडा) र विविध खर्च (सेवा केन्द्र) लगायतमा जम्मा रु. ३३,००,०००/- बजेट विनियोजन गरी रु.२५,१२,०३२/- खर्च गरेको छ । यस्तो खर्चको रकम वडा सचिव र कर्मचारीलाई सोधभर्ना गरेको छ। यसरी खर्चको भुक्तानी गर्दा आवश्यक वैठकको माइन्युट र कार्यक्रमको माइन्यूट संलग्न गरेको छैन। वडागत रुपमा केही वडामा प्रति महिना रु.११,०००/- र केही वडामा प्रति महिना रु.१२,०००/- का दरले अतिथी सत्कार वापत भुक्तानी गरेको छ।

४५ **सीप विकास तालिम**

४५.१ **सीप विकास तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको व्यवस्थापन** – बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को बुँदा नं. १८ र १९ मा क्रमशः सीपमुलक तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको व्यवस्थापन सम्बन्धी कार्यविधिको व्यवस्था गरी उत्पादित सामग्रीहरु तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई उत्पादन मुल्यको पचास प्रतिशत छुट गरी विक्रि गर्न र सो विक्रिबाट प्राप्त भएको रकम कार्यालयको राजश्व खातामा दाखिला गर्ने वा अभिलेख राखी कोशेली घर, प्रर्दशनी गृह वा त्यस्ता स्थलहरु नभएमा जिल्ला दैवी प्रकोप उद्धार समिति, स्थानीय विपद व्यवस्थापन, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह वा अन्य निकायहरुलाई निःशुल्क रुपमा वितरण गर्ने र तालिमका लागि खरिद भएका मेशिन र औजारहरु कार्यालयमा दाखिला गरी आगामी तालिमको लागि राख्नुपर्ने व्यवस्था छ।तर कार्यालयले संचालन गरेका सीप विकास तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको कार्यविधिमा भएको व्यवस्था अनुरुप नगरी प्रशिक्षार्थीलाई वितरण गरेको उल्लेख गरेको छ। कार्यविधि अनुरुप गर्न सम्बन्धित कार्यालयको ध्यान जानुपर्दछ। केही उदाहरणहरु देहाय बमोजिम रहेका छन्।

गो. भौ . नं।मिति	सीपविकास तालिम	कच्चा पदार्थ खरिद वापतको रकम
२४०-०८१/१०/२८	अचार बनाउने तालिम वडा नं १	२९८३०
३३६-०८१/१२/१४	२० दिने बासको मुढा बनाउने तालिम वडा नं ८	१११३००
४४४-०८२/०२/११	१० दिने आधारभुत अचार बनाउने तालिम वडा नं १०	११६६२६
४९८-०८२/०३/०२	ब्यूटीपार्लर तालिम	३९१६०

४५.२ **सीप विकास प्रशिक्षकको छनौट योग्यता** - बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को बुदाँ नं. ११ मा सीप विकास प्रशिक्षकको छनौट योग्यता तथा सुविधाको व्यवस्था गरी कार्यालयले प्रत्येक वर्ष सुचना प्रकाशन गरी प्रशिक्षकको रोष्टर सुचि तयारी तथा अध्यावधिक गर्नुपर्ने साथै प्रशिक्षकको योग्यता तालिम वा अनुभव कार्यविधिमा भएको व्यवस्था बमोजिम हुनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले रोष्टर सुची तयार गरी वार्षिक रुपमा अद्यावधिक गरेको छैन।साथै प्रशिक्षक, सहायक प्रशिक्षक र प्रशिक्षण सहायकको शैक्षिक योग्यता तालिम वा अनुभवको विवरण अध्यावधिक गरेको देखिएन। यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। यस आ.व.मा सञ्चालन भएका केही तालिमका प्रशिक्षक र सहायक प्रशिक्षकको विवरण देहाय बमोजिम रहेका छन्।

गो. भौ . नं।मिति	सीप विकास तालिम	प्रशिक्षक र सहायक प्रशिक्षक	प्रशिक्षण वापत भुक्तानी रकम
२४०- ०८१ / १० / २८	अचार बनाउने तालिम वडा नं १	सुशिला राई र इन्दिरा अधिकारी	३३६००
३३६- ०८१ / १२ / १४	२० दिने बासको मुढा बनाउने तालिम वडा नं ८	रामचन्द्र राई	३००००
४४४- ०८२ / ०२ / ११	१० दिने आधारभुत अचार बनाउने तालिम वडा नं १०	विमला लामा	२५०००
४९८- ०८२ / ०३ / ०२	ब्यूटीपार्लर तालिम	रसु संजेल	४५०००

४६ **लागु पदार्थ दुर्व्यसनी निर्मुलीकरण** (147-2081-09-02):

बकैया गाउँपालिकालाई लागुपर्दार्थ मुक्त बनाउने कार्यविधि, २०८० को दफा २८ (ण) मा मदिराजन्य तथा सुर्तीजन्य कारोबार परित्याग गरी अन्य व्यवसाय अपनाउने व्यवसायीहरुलाई आर्थिक तथा भौतिक लगायतको सहयोग उपलब्ध गर्न सकिने उल्लेख छ। यसरी कार्यविधिमा भएको सोही व्यवस्थालाई प्रयोग गरी बकैया ईन्टरप्राइजेज (६०६१०१६९७) (प्रोपाइटर अमोद बस्नेत) ले मिति २०८१/०७/०४ मा निवेदन पेश गरी आफुले संचालन गरिरहेको सुर्तीजन्य, मदिराजन्य व्यवसाय बाट विशिष्टिकृत पसलमा (पुस्तक/ समाचारपत्र/मसलन्द सामानको खुद्रा बिक्रि) परिवर्तन गरेको र सो गर्दा रु.१,८४,०००/- लाग्ने माग गरेको आधारमा गत विगतमा पालिका बाट रु.१,२८,५००/- प्राप्त गरेको र बाकी रु.५५,०००/- यस वर्ष प्राप्त गर्न लागि उल्लेख गरेको छ। यसरी कार्यालयले यस वर्ष उक्त फर्मलाई रु.५५,०००/- भुक्तानी गरेकोमा खर्चको बिल भर्पाई पेश नभएको र व्यवसायको प्रकृति परिवर्तन गर्दा उल्लिखित खर्च लाग्ने आधार पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५५,०००

४७ **विविध परीक्षण**

४७.१ **प्रमाण नभएको** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्म भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात राखेको देखिएन । अत: पालिका कार्यालय खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण बेगर निम्न कार्यलाई रकम भुक्तानी गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू

भौचर न र मिति	कार्यको विवरण	रकम	कैफियत
१५।२०८१।५। २३	पाइप खरिद वडा न १ देखि १२	७७०२०८	जडान तथा वितरण गरेको प्रमाण नभएको ।
३०।२०८१।५। २३	पाइप खरिद वडा न १ देखि १२ डढेलो खानेपानी	५०९३६८	जडान तथा वितरण गरेको प्रमाण नभएको कोटेशन समेत पेश नभएको (सोझै बजार विल) ।
६२।२०८१।९। २२	पाइप खरिद व्रदर्श हार्डवेयर	७७८७६५	जडान तथा वितरण प्रमाण नभएको, कोटेशन पेश नभएको ।

प्रमाण पेश नगरेको	२०,५८,३४१

४७.२

अनुदानको अनुगमन- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । बकैया गाउपालिका अनुदान वितरण सम्झौताको बुदा न ७ मा जुन उदेश्यको लागि अनुदान प्रदान गरिएको हो सो कार्यक्रम कम्तिमा ५ बर्ष सम्म निरन्तर अनिवार्य संचालन गर्नु पर्ने छ । यदि कुनै कारण विचैमा छोडेको खण्डमा उक्त कार्यक्रममा प्रयोग भएको स्रोत साधन स्वत गाउपालिकाको हुने भनि उल्लेख गरेको छ । पालिकाले यसरी विगत आर्थिक बर्षहरूमा समेत अनुदान प्रदान गर्ने गरेको तर कुन क्षेत्रमा के कति अनुदान दिएको छभनि कार्यालयले शिर्षकगत अभिलेख राखेको देखिएन ।साथै विगतमा अनुदानदिएका कार्यक्रम प्रभावकारी छन वा छैन सो वारे कार्यालयले फलोअप अनुगमन गरेको अनुगमन प्रतिबेदन राखेको देखिएन। पालिकाले यस वर्ष कृषिकहरूलाई बाख्रापालन कृर्षि सहकारी दुध उत्पादनका कार्यक्रमा अनुदान बितरण भएको देखिन्छ । अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथासोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ र वर्ष भरिमा पालिकाबाट अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको विवरण सार्वजनिकिकरण समेत गर्नुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा अनुदानको परीक्षण गर्दा वितरण गरीएका केही उदाहरण निम्नानुसार छन।

भौचर र मिति	योजनाको नाम	भुक्तानी रकम	कैफियत
९।२०८१। ५।२३	सवल महिला कृषि सहकारी सस्था	५८३४२२	कृषि अनुदान
१०।२०८१। ५।२३	हातिखोला दुध उत्पादक सहकारी सस्था	९९९८९१	कृषि अनुदान
१२७।२०८२। १।१६	पासाङ ल्हामु महिला बिकास भवन निर्माण	४०००००	महिला विकास कार्यक्रम
१५५।२०८२। ३।५	वस्तीपुर दुग्ध उत्पादक सहकारी समान हस्तान्तरण	३०००००	समान खरिद
२८।२०८१। ५।२३	कोपिला कृषक समुह	५०००००	बाख्रा पालन
२८।२०८१। ५।२३	विनय बाख्रा प्रबद्रन उ स	५०००००	बाख्रा पालन
२८।२०८१ ।५।२३	समृद्र बकैया कृषक उत्थान प्रा लि	५०००००	बाख्रा पालन
४१।२०८२।३।१९	मन्थली कृषि सहकारी	९७००००	दुध ब्यावसाय प्रवद्धन अनुदान यान्त्रिकरण कार्यक्रम

४७.३ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को १३ मा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने भएमा बिल भरपाइ बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखापरीक्षक कार्यालयले तोकेको ढाचामा भुक्तानी दिन बाँकीको कच्चावारी चढाइ श्रामण ७ गते भित्र कार्यालय प्रमुख र नगरसभाबाट प्रमाणित गराई राख्नु पर्ने ब्यवस्था रहेको छ यस पालिकाले आर्थिक बर्ष २०८१।८२ मा निम्न कार्यको भुक्तानी दिन कच्चावारी बेगर भुक्तानी गरेको देखिन्छ। यसरी नियमावलीमा भएको ब्यवस्था बिपरीत भुक्तानी दिन बाँकी कच्चावारी प्रमाण बेगर भुक्तानी दिएको नियमसंगत नदेखिएको रू

गो भौ न र मिति	शिर्षक	योजनाको नाम वा फर्मको नाम	भुक्तानी रकम
११।२०८१।५।२३	गत बर्ष भुक्तानी बाँकी	गितावर आ वि वडा न ५	४०८०५६
८३।२०८१।११।१२	गत बर्ष भुक्तानी बाँकी	स्टारडेल्टा इलेक्टिक्स एण्ड एसी सप्लार्स	९८३१०६

अनियमित भएको	१३,९१,१६२

४७.४ **सूत्रमा प्रविष्टि** - स्थनिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पुजिगत शिर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । यस पालिकामा कार्यपालिकाबाट निर्णय गरी विभिन्न शिर्षकमा विनियोजन भएको रकम निम्न, शिर्षकको निर्माणमा खर्च गरेको देखिन्छ । यसरी पालिकाले एउटा शिर्षकमा विनियोजित रकम पुरै अर्को शिर्षकमा रकमान्तर गरेकोमा उक्त रकम सूत्रको सम्वन्धित शिर्षकमा प्रवृष्टि गरी खर्च लेख्नु पर्नेमा सो नगरी साविक शिर्षकबाट नै खर्च लेखेको छ । पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

भौचर नं. र मिति	कायम उप शिर्षक	खर्च गरेको उपशिर्षक	खर्च रकम
२७०।२०८२।३।२४	सेतीभिर आहाल डाडा खा पा मर्मत	सडक सरसफाई स्तरोन्ती वडा न ४	३०५५५०।००
५।२०८१।९।२९	विभिन्न २० वटा योजनाको नाममा विनियोजन	हातिसुडे शिखरपुर मन्थली ठिगन सडक नि उ स	२१५००००

४८ कृषि तथा पशुतर्फ

कृषि क्षेत्रको रूपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायत कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान कार्यक्रममार्फत विभिन्न व्यक्ति तथा समूहलाई अनुदान प्रदान गरिएको देखिन्छ । यस्ता कार्यक्रम सङ्घीय, प्रदेश तथा स्थानीय तहको स्रोत साधन समावेश गरी सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विभिन्न नीति, कार्यविधि तथा निर्देशिका तर्जुमा गरिएको छ । सो बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण गर्ने वार्षिक कार्यक्रमअनुसार यस वर्ष यस पालिका मार्फत विभिन्न कृषि समूह, सहकारी तथा फर्मलाई अनुदान खर्च भएको देखिन्छ । पालिकाले यस्ता अनुदानका कार्यक्रममा विगत वर्षमा प्रवाह गरेको अनुदानको अभिलेख अद्यावधिक गरी अभिलेख राखेको नपाइएकोले अनुदानमा दोहोरो भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न अनुदान प्राप्त गर्ने कृषकहरूको नाम, ठेगाना, अनुदानको किसिम तथा रकम जस्ता विवरण समावेश गरी वेबसाइटमार्फत सार्वजनिक गर्न आवश्यक छ । केही अनुदान ग्राहीको विवरण तल दिएको छ ।

क्र.स	कृषि फार्म/ कृषक समुह/ सहकारी	वडा नं.	अनुदान रकम	अनुदान कार्यक्रमको नाम
१	नमुना प्राङ्गारीक कृषि सहकारी संस्था लि.	बकैया-७	४३०३०	इनार मोटर पाइप
२	जनजागरण कृषि तथा पशुपालन कृषक समुह	बकैया-७	२४७१६४.	कुलो निर्माण इनार मोटर पाइप
३	उद्यमशिल दलित महिला वचत तथा कृषि समुह	बकैया-७	४९३८१	इनार मोटर पाइप
४	कवु कृषु ईशु पशुपन्छी फार्म	बकैया-७	६१२७३	इनार मोटर पाइप
५	सकृय कृषि उत्पादक सहकारी संस्था लि	बकैया-९	२०००००	कुलो निर्माण
६	सहनशिल महिला कृषक समुह	बकैया-७	७००००	मोटर पाइप
७	तिन भङ्गाले कृषि तथा पशुपन्छी फार्म	बकैया-१०	५००००	मोटर पाइप
८	गुरुङ कृषि तथा पशुपन्छी फर्म	बकैया-४	३४६०८	मोटर पाइप
९	बकैया एकिकृत कृषि तथा पशुपन्छी फार्म	बकैया-७	४९६२०	मोटर पाइप
१०	टंक बहादुर भोम्जन	बकैया-६	३००००	प्लाष्टिक पोखरी
11	याङरी डोल्मो तमाङ भोम्जन	बकैया-६	३००००	प्लाष्टिक पोखरी
12	माहादेव कृषि उत्पादक सहकारी संस्था लि.	बकैया-१२	२९३७२	प्लाष्टिक पोखरी
13	कोलखहरे एकिकृत कृषि तथा पशुपन्छी फर्म	बकैया-७	२११०८	प्लाष्टिक पोखरी
14	सोमराज भोलन	बकैया-१०	३००००	प्लाष्टिक पोखरी
१५	घिमिरे बन्धु कृषि तथा पशुपन्छी फर्म	बकैया-४	४९६१८	तरकारिको बिउ तथा अन्य सामाग्रि
16	योमेले कृषि तथा पशुपन्छी फर्म	बकैया-९	१०८९२५	तरकारिको बिउ तथा अन्य सामाग्रि
17	सकृय कृषक समुह	बकैया-७	३००००	तरकारिको बिउ तथा अन्य सामाग्रि
18	अविनास कृषि फर्म	बकैया-४	८२४५५	तरकारिको बिउ तथा अन्य सामाग्रि
१९	बकैया कृषि सहकारी संस्था लि.	बकैया-३	३३८१०	

४९ **शिक्षातर्फ**

४९.१ **दरवन्दी तथा पदपूर्ति** - आ.व. २०८१।८२ मा यस पालिकामा ७६ सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । ती विद्यालयहरूमा १५४ स्थायी, १५२ करार/राहत, २९ अनुदान तथा पालिकाबाट ५३ समेत ३८८ शिक्षक तथा ८१ बाल विकास सहजकर्ता र ९० विद्यालय कर्मचारीहरू कार्यरत रहेको देखिन्छ ।

४९.२ **निजि विद्यालय व्यवस्थापन** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन रहेको ४ निजी विद्यालयमा ३९१ विद्यार्थी अध्ययनरत रहेकोमा शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको पाइएन । विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनुर्दछ ।

४९.३ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियमा ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालीस र चालीस हुनु पर्दछ । पालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रावि देखि माविसम्मका शिक्षकको सङ्ख्या ३८८ रहेकोमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या इमिस तथ्याङ्कअनुसार ८४३० रहेको विवरणबाट देखिन्छ । शिक्षा नियमावली तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले उल्लेख गरेको आधारमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गरी शिक्षकहरूको व्यवस्थापन गर्नुपर्दछ ।

४९.४ **शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रूपमा अनुगमन गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा प्रतिवेदन पठाउने र सोको कार्यान्वयन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८१ मा पालिकाभित्रका १२ माध्यमिक विद्यालयहरूबाट ४११ विद्यार्थी माध्यमिक शिक्षा परीक्षामा सहभागी भएकोमा ७४ विद्यार्थी अर्थात् १८ प्रतिशत मात्र उत्तीर्ण भएको देखिन्छ । पालिकाले विद्यालयको शैक्षिक गुणस्तरबारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्धारण गर्नुपर्दछ ।

४९.५ **दिवा खाजा** - पालिकाले यस वर्ष दिवा खाजावापत शिशु कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत ५७०० विद्यार्थीको लागि सामुदायिक विद्यालयहरूलाई चार पटकमा रु. १ करोड २९ लाख ५५ हजार ०६५ अनुदान निकासा देखिन्छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार दिवा खाजा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धी निर्देशन तयार गर्ने र सो अनुसार अनुगमन गर्ने गराउने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । पालिकाले दिवा खाजाको सम्बन्धमा अनुगमन गरी विद्यालय अवधिको विद्यार्थीको उपस्थिति दर, सिकाइको अवस्था, भौतिक, आर्थिक आदि विवरणको रजिष्टर र अनुगमन पुस्तिका राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन अभिलेखको रुपमा राखेको पाइएन ।

४९.६ **शिक्षक तलब भत्ता** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यालयहरूले शिक्षक र कर्मचारीको तलब भत्ता बैङ्कमार्फत भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ । विद्यालयहरूलाई तलबभत्ता वापत रु. १३,७४,८३,५५९ निकासा गर्दा अघिल्लो त्रैमासिकमा शिक्षक तथा कर्मचारीलाई तलब भुक्तानी भएका भरपाइसहितको माग फाराम रुजु गर्नुपर्नेमा केही विद्यालयको रुजु गरेको गरेको पाइएन । शिक्षा शाखाबाट विद्यालयहरूलाई अनिवार्य तलबी भरपाई पेस गर्न लगाई तलबी विवरण यकिन गर्नुपर्दछ ।

४९.७ **बिद्यालयहरूको लेखापरीक्षण** - शिक्षा नियमावलि, २०५९ को दफा १७१ मा विद्यालयको व्यवस्थापन समितको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष पालिकाबाट नियुक्त लेखापरीक्षकबाट तोकिएको समयमा विद्यालयको लेखापरीक्षण गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत साधारण धारतर्फका ५० सामुदायिक विद्यालयमध्ये आ. व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म कुनै पनि विद्यालयले लेखापरीक्षण गराएको छैन भने आ. व. २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन सबै विद्यालयहरूले पेस गरेको देखिन्छ । पालिकाले विद्यालयहरूको लेखापरीक्षण समयमा सम्पन्न गर्न लगाई सो को प्रतिवेदन अभिलेखको रूपमा सुरक्षित राख्नुपर्दछ । विद्यालयको वित्तीय प्रतिवेदनमा निकासा गरिएको रकम समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरेको यकिन गर्नुपर्दछ । साथै वित्तीय विवरण विश्लेषण गरी रकम सदुपयोग भए/ नभएको सुनिश्चित गर्नुपर्दछ ।

४९.८ **प्रति विद्यार्थी लागत** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यालय शिक्षामा हाल भइरहेको लगानीका आधारमा स्थानीय तहभित्र विद्यालयगत र स्थानीय तहको प्रति विद्यार्थी लागत यकिन गर्नुपर्नेमा पालिकाले सोको अभिलेख राखेको पाइएन । लेखापरीक्षणको लागि उक्त विवरण माग गरिएकोमा शिक्षा शाखाबाट उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाभित्र सञ्चालनमा रहेका ७६ सामुदायिक विद्यालयहरूमा ९७४२ विद्यार्थी रहेकोमा ती विद्यालयहरूमा विभिन्न शिर्षकमा रु. २६,०७,५७,०८० निकासा खर्च भएको देखिन्छ जसबाट प्रति विद्यार्थी खर्च (Per student spending) रु. २६ हजार ७०० भन्दा बढी हुन जान्छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार गरेको विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका

लागि सहयोगी स्रोत पुस्तिका, २०८० अनुसार पालिकाबाट हाल भइरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्व लगायतका आधारमा विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने एवं सबै बालबालिकालाई विद्यालयमा शिक्षामा भर्नाको सुनिश्चितता गर्न वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने लगायतका आधारमा विद्यालय नक्साङ्कन गर्ने कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

४९.९ **एकमुष्ट अनुदान**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६६,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९.१० **निशुल्क पाठ्यपुस्तक** - शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१ को उपक्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप निकासा दिनु पर्दछ । पालिकाले ७५ प्रतिशत रकम बराबर रु. ४३,२५,०७१ विद्यालयलाई निकासा दिएकोमा दोस्रो पटक विद्यालयहरूले खरिद गरी विद्यार्थीलाई वितरण गरेको आधारमा थप ९,४७,६११ गरी जम्मा रु ५२,७२,६२८ निकासा दिएको छ । पालिकाबाट निशुल्क पाठ्यपुस्तक वितरणसम्बन्धमा अनुगमन गरी प्रतिवेदन अभिलेखीकरण गर्नुपर्दछ ।

४९.११ **परीक्षा सञ्चालन खर्च**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **९,२६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९.१२ **बालबालिकालाई विद्यालय भर्ना कार्यक्रम (२१२।२०८२-०३-२१)** - विद्यालयलय बाहिरका रहेका बालबालिकालाई विद्यालय भर्ना कार्यक्रम अन्तर्गत पालिकाले रु. ८४८१९३ को शैक्षिक सामग्री जेनिसा सप्लायर्सबाट खरिद गरी विद्यालयमार्फत विद्यार्थीहरूलाई वितरण गरेको जानकारी दिएको छ । पालिकाले कापी १५५८०, डटपेन/सिसाकलम ७६००/७६०० खरिद गर्दा दर माग गरेकोमा स्पेसिफिकेशन खुलाएको नपाइएकोले खरिद कार्य मितव्ययी भयो भन्न सकिएन । साथै खरिद गरिएका ती सामग्री विद्यार्थीहरूले प्राप्त गरे/नगरेको सम्बन्धमा भरपाइ पेस नभएकोले यकिन गर्न सकिएन । विद्यालयलय बाहिरका रहेका बालबालिकालाई विद्यालय भर्ना कार्यक्रमको लागि तोकिएको बजेटबाट शैक्षिक सामग्री खरिद गरी वितरण गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८,४८,१९३

४९.१३ **बैठक खर्च (५६।२०८२-०३-१९)** - बागमती प्रदेशको प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को दफा ३ (१) मा कानूनबमोजिम गठित समितिको बैठकको लागि मात्र भत्ता प्रदान गरिने र कार्यालय समय अघि वा पछि बसेको बैठक हुनुपर्ने व्यवस्था रहेको छ । साथै स्पष्ट विषयवस्तु, कार्य योजना तथा कार्य सर्तविना बैठक वस्न नपाइने, कानून बमोजिम गठित समिति बाहेक एउटै निकायको पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित बैठकमा भत्ता दिन नपाइने उल्लेख छ । यस पालिकाले जन प्रतिनिधि सहितको शिक्षा

समितिको पदाधिकारीको बैठकभत्तावापत रु. ८०,७५० खर्च लेखेको देखियो । बैठकको स्पष्ट एजेन्डा नभएको तथा माइन्युटमा समय समेत नखुलेको अवस्थामा २१ जनाको विभिन्न पटकको बैठक भत्तावापतको रकम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८०,७५०

४९.१४ **आवासीय विद्यालय व्यवस्थापन खर्च (२३।२०८१-१०-२८)** - पालिकाले आवासीय विद्यालय व्यवस्थापन तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम अन्तर्गत गीतावर आ.वि.-५ को छात्रावासमा बस्ने ३८ विद्यार्थीको लागि तीन पटकमा रु. ४,३१,५०० खाद्यान्न खरिदको बिल राखी भुक्तानी दिएको देखियो । छात्रावासमा वस्ने विद्यार्थीको लागि खाद्यान्न सामग्री मात्र उपलब्ध गराएको तर विद्यार्थी आफैँले पकाइ खाने गरेको जानकारी दिएकोमा सो सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन तयार गरेको पाइएन । प्राथमिक तहमा पढ्ने विद्यार्थीको लागि छात्रावासमा खाना पकाउन खाद्य सामग्री वितरण गरेको सम्बन्धमा पालिकाले प्रभावकारिता अध्ययन गर्नुपर्दछ ।

५० सहकारी संस्थाको नियमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ख) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन गर्ने तथा सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण र कार्यान्वयन गर्ने अधिकार तोकिएको छ । पालिकाभित्र ७३५२ सदस्य सङ्ख्या सहितका उत्पादक सहकारी २५, वित्तीय सहकारी ९, बहुउद्देश्यीय सहकारी ३, सङ्घ सहकारी १ तथा अन्य १ गरी ३९ सहकारी संस्था सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ ।

(क) सूचना प्रणालीमा अभिलेख : सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाले मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा २९ सहकारीले विवरण पेस गरेको विवरण प्राप्त भएको छ भने अन्य सहरकारी संस्थाले विवरण दाखिला गरेको पाइएन ।

(ख) लेखापरीक्षण प्रतिवेदन : सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारीहरूले मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ । पालिकाभित्रका सम्पूर्ण सहकारी संस्थाहरूले समयमै लेखापरीक्षण सम्पन्न गराएको पाइएन । पालिकाले सहकारी सम्बन्धी कार्यक्रमको लागि रु. ५ लाख बजेट विनियोजन गरी रु. १,३७,८५० खर्च गरेको तथा २ संस्थालाई अनुदान उपलब्ध गराएको देखिन्छ । सम्पूर्ण सहकारी संस्थाको विवरण अद्यावधिक गर्न लगाई लेखापरीक्षण प्रतिवेदन पेस गर्न लगाउनुपर्दछ ।

(ग) अनुगमन : पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । प्रचलित नियमअनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

५१ खेलकुद कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। नियमावली २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकामा विभिन्न किसिमका खेलकुद कार्यक्रम संचालन गर्नका लागि बकैया गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९ को दफा ३ र ६ मा भएको व्यवस्था बमोजिम क्रमशः पालिका स्तरमा बकैया गाउँपालिका खेलकुद विकास समिति र वडा स्तरमा वडास्तरिय खेलकुद विकास समितिको गठन गरी सोही समितिको खातामा खेलकुद कार्यक्रमका लागि रकम भुक्तानी भएको देखियो। साथै अन्य समुह, क्लब वा स्वयम् कार्यालय बाट पनि कार्यक्रम संचालन भएको देखियो। गाउँपालिकाले खेलकुद कार्यक्रममा पालिकातर्फ रु.६२,११,८४८/- बजेट विनियोजन गरी खर्च गरेकोमा उक्त खर्चको लागि मापदण्ड स्वीकृत गरेको देखिएन। खर्चको प्रवृत्ति हेर्दा भलिवल, फुटबल, करातेँ, बन्द प्रशिक्षण लगायतका खेलकुद कार्यक्रम आयोजना गरी वा सहभागी भई खाना, खाजा, यातायात भाडा, खेलकुद सामग्री, खेलकुद पोशाक, पुरस्कार र प्रशिक्षक र सहयोगी भत्ता

वितरण गरेको देखियो। खेलाडी र समितिले यातायात र खाना खाजाको बिल पेश गरी सोझै भुक्तानी दिएकोमा खेलाडीको संख्या र दिन प्रष्ट रुपमा स्रेस्तामा देखिएन। साथै वितरित सामग्रीहरुको व्यवस्थित रुपमा अभिलेख राखेको देखिएन। यस्ता समिति र समूहहरुलाई गाउँपालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति खेलकुद सामग्रीहरुको सदुपयोग बारे पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ। यस्तै नतिजामुलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

क्र. सं	बजेट खर्च/ कार्यक्रमको विवरण	संचालन	भुक्तानी रकम
१	क्लब स्तरीय फूटबल प्रतियोगिता	बकैया गा. पा खेलकुद विकास समिति	१४७०७०
२	बकैया कप फूटबल प्रतियोगिता	बकैया गा. पा खेलकुद विकास समिति	१५०००००
३	राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता	बकैया गा. पा खेलकुद विकास समिति	६५००००
४	कराते प्रतियोगिता, कराते प्रशिक्षक निर्वाह खर्च	बकैया गा. पा खेलकुद विकास समिति	६५००००
५	वडा खेलकुद विकास समितिलाई खेल सामग्री वितरण	बकैया गा. पा खेलकुद विकास समिति	१९७६७१
६	कराते प्रतियोगिता	सिमात बुद्ध कराते डोजो	१४९२९३
७	खेलकुद व्यवस्थापन तथा कँराते प्रतियोगिता वडा नं ३	वडास्तरिय खेलकुद विकास समिति	१०००००
८	खेलकुद कार्यक्रम वडा नं ४	वडास्तरिय खेलकुद विकास समिति	९९४४०
९	खेलकुद वडा नं ५	वडास्तरिय खेलकुद विकास समिति	३९९९७३
१०	खेलकुद वडा नं ६	वडास्तरिय खेलकुद विकास समिति	१०००००
११	बकैया वडा नं ७ खेलकुद कार्यक्रम	वडास्तरिय खेलकुद विकास समिति	२८३९५४
१२	युवा तथा खेलकुद वडा नं ८	वडास्तरिय खेलकुद विकास समिति	४४२४६४
१३	सहित स्मृति खेलकुद प्रतियोगिता वडा नं ८	वडास्तरिय खेलकुद विकास समिति	१९००००
१४	खेलकुद वडा ९	वडास्तरिय खेलकुद विकास समिति	२५४९९०
१५	बकैया १० खेलकुद विकास समिति कार्यक्रम	वडास्तरिय खेलकुद विकास समिति	२९७९७९
१६	कँराते खेल प्रतियोगिता वडा ११	वडास्तरिय खेलकुद विकास समिति	१५००००
१७	खेलकुद वडा ११	वडास्तरिय खेलकुद विकास समिति	२९९१९०
१८	खेलकुद वडा नं १२	वडास्तरिय खेलकुद विकास समिति	२९९८६०
	जम्मा		६२११८४८

५२ **स्वास्थ्यतर्फ**

५२.१ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सकिने तथा वार्षिक दशलाख रुपैयाँभन्दा बढी रकमको औषधीजन्य मालसामान वा उपकरणको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । औषधी खरिद सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् ।

(क) प्रतिष्पर्धा - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (४) मा सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा सहभागी हुन बाधा पुर्‍याउन र प्रतिष्पर्धालाई सीमित गर्ने गरी मालसामानको विवरण तयार गर्न नहुने उल्लेख छ । पालिकाले रु. ३५,११,००० मा निशुल्क तथा आधारभूत औषधी, औषधीजन्य सामग्री तथा आयुर्वेद औषधीको एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेको देखिन्छ । आधारभूत औषधी र आयुर्वेद औषधीको प्याकेजिङ गरी ठेक्का आव्हान गर्दा प्रतिष्पर्धा सीमित हुन गई जम्मा एक मात्र बोलपत्र दाता हेल्पिङ हेल्थ पोलिक्लिनिकको बोलपत्र परेको साथै कबोल अङ्क रु. ३४,९०,९६८ अर्थात् लागत अनुमानको तुलनामा ०.५७ प्रतिशतमात्र घटी रहेको देखिएकोले औषधी खरिदमा प्रतिष्पर्धा खुम्चिन

पुगेको देखिन्छ । सो खरिदमा रु. ४,८७,३०० को १७ आइटमको आयुर्वेदिक औषधीसमेत प्याकेजिङ गरेको कारण औषधी खरिदमा सीमित प्रतिष्पर्धा हुन गएको सम्बन्धमा औचित्य पुष्ट हुन सक्ने देखिँदैन ।

(ख) गुणस्तर परीक्षण - ठेक्का सम्झौताको ITB 23.1 मा The medicine purchase will be sent to DDA for quality inspection (Mandatory) उल्लेख गरेकोमा पालिकाले आपूर्ति गरिएका औषधीको औषधी व्यवस्था विभागमा नमूना पठाई गुणस्तर परीक्षण गरेको प्रमाण पेस नभएकोले खरिद कार्य सम्झौताबमोजिम भएको भन्न सकिएन ।

(ग) आधिकारिक वितरक - ठेक्का सम्झौताको ITB 19.2 मा Manufacturer's authorization letter is required उल्लेख भएकोमा आयुर्वेद औषधीको सो सम्बन्धी प्रमाण आपूर्तबाट पेस भएको देखिएन । आयुर्वेद औषधीको आइटम थप गरेको कारण प्रतिष्पर्धा सीमित भएको साथै सोही औषधीको उत्पादकबाट जारी भएको आधिकारिक वितरक नभएकोले खरिद कार्य नियमसम्मत देखिएन ।

(घ) बढी भुक्तानी (१०९।२०८१-०१-०४) - पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि हेल्पिङ हेल्थ पोलिक्लिनिकसँग रु. ३४,९०,९६८ मा सम्झौता गरी औषधी खरिद गरेकोमा सो फर्मलाई रु. ३४,९१,३१५ भुक्तानी गरेको देखिन्छ । सम्झौताभन्दा बढी भुक्तानी भएको रकम रु. ३४७ असुल गर्नुपर्दछ ।

(ङ) माग विश्लेषण - पालिकामा औषधी खरिदको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गत आर्थिक वर्षमा खपत भएको औषधी परिमाणको आधारमा पालिकाले औषधीको परिमाण निर्धारण गर्नुपर्दछ । लागत अनुमान गर्दा आवश्यक परिमाणको विश्लेषण गर्दा विगत वर्षको विरामी संस्था र खपत परिमाण समेत उल्लेख गरी पालिकाले विश्लेषण गरेको छैन । पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद गर्न ठेक्कामार्फत मा हेल्पिङ हेल्थ पोलिक्लिनिकबाट रु. ३४,९१,३१५ को औषधी खरिद गरेको देखिन्छ । आवश्यक्ताको निर्धारण आर्थिक वर्ष अनुसार खपत परिमाण र खरिदबीच सन्तुलन कायम भएको छैन । यसले गर्दा खरिद प्रकृयाबाट प्राप्त सम्पूर्ण औषधी उपयोग हुने सम्वन्धमा यकिन गर्न सक्ने अवस्था छैन ।

(च) निरीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार आपूर्ति गरिएका औषधी स्पेसिफिकेसन तथा गुणस्तर बमोजिको भए नभएको निरीक्षण गरी (Post delivery inspection) प्रतिवेदन राखेको पाइएन । खरिद गरिएका औषधी डब्लु.एच.ओ. जिएमपि सर्टिफाइड हुनुपर्नेमा सो को प्रमाण पेस भएन । औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको पाइएन । साथै जिन्सी कितावमा प्राप्त औषधीको आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँधेको देखिएन । औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो । तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको/नभएको सम्बन्धमा यकिन गरी हस्तान्तरणको अभिलेख राख्नुपर्दछ ।

५२.२ **दीर्घ रोगीलाई अनुदान** - डायलाईसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड शक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गरार्ने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ अनुसार औषधि उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र प्राप्त व्यक्ति लाभग्राही हुने उल्लेख छ । पालिकाले यो वर्ष भौचर नं १११।०१-१० बाट ३२ जनालाई रु. १३ लाख २५ हजार र १८७।०३-१५ बाट ४७ जनालाई रु. १० लाख ९५ हजार गरी २ पटकमा रु. २४ लाख २० हजार रकम अनुदान दिएको देखिन्छ । मकवानपुर जिल्लामा गरिबीको परिचय पत्र वितरण गरिएकोमा यसरी अनुदान उलब्ध गराइएका व्यक्तिहरूको गरिबीको परिचय पत्र नभएको पाइयो ।

५२.३ **निशुल्क भिडियो एक्स रे** - गर्भवती महिलाहरूको लागि निशुल्क भिडियो एक्स-रे तथा ल्याव सेवाको लागि प्रति केस रु. ६५० मा सुनौलो पोलिक्लिनिसँग सम्झौता गरी रु. ६,००,००० भुक्तानी गरेको देखियो । जम्मा १००० जनाको परीक्षणको खर्च लेखेकोमा सो को प्रभाकारी अनुगमन नभएकोले लक्षित समूहले यो कार्यक्रमको लाभ प्राप्त गरे/नगरेको सम्बन्धमा यकिन गर्न सकिएन ।

५२.४ **स्वास्थ्य संस्थालाई अनुदान** – आर्थिक बर्ष २०८१।८२ मा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरू सञ्चालन सम्बन्धी मार्गदर्शनमा कार्यक्रम विस्तार गरी सञ्चालन गर्नुपर्ने भएमा दोहोरो नहुने गरी स्थानीय

तहबाट थप स्रोत परिचालन गरी कार्यक्रम सञ्चालन गर्न सकिने उल्लेख छ । मातृ तथा नव शिशु कार्यक्रमको लागि विनियोजित बजेटबाट निम्न स्वास्थ्य संस्थाहरूमा निशुल्क एम्बुलेन्स सेवा प्रवाह लगायतको खर्चको शोधभर्ना भुक्तानी दिएको देखिएकोले फिर्ता गर्नुपर्ने रु.

स्वास्थ्य संस्थाको नाम	रकम	कैफियत
बकैया आधारभूत अस्पताल	१०८०९०	निशुल्क एम्बुलेन्स सेवा प्रवाह
शिखरापुर स्वास्थ्य चौकी	८४१५०	निशुल्क एम्बुलेन्स सेवा प्रवाह
हात्तीसुँढे आ स्वा सेवा केन्द्र	८५०५०	निशुल्क एम्बुलेन्स सेवा प्रवाह
जुइना आ स्वा सेवा केन्द्र	१३५००	खर्च नभई बचत रकम
ठिंगन स्वास्थ्य चौकी	४४९००	खर्च नभई बचत रकम
बकैया आधारभूत अस्पताल	२२५६५६	भिडियो एक्स रे तथा ल्याव टेस्ट खर्च
जम्मा	५६१३४६	

प्रमाण पेश नगरेको	५,६१,३४६

५३ **ठेक्का व्यवस्थापन**

५३.१ **ठेक्काअभिलेख**-सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्दछ। निर्माण कार्यको विस्तृत अभिलेखको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। पालिकाले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

५३.२ **प्रतिस्पर्धा**- सार्वजनिक खरिद ऐन, २०६३, को दफा ६२ (च) अनुसार बोलपत्रदाताहरु वा प्रस्तावदाताहरुबिच खरिद सम्बन्धी काम बाँडफाँट गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृतिम वा अप्रतिस्पर्धि तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्तावपत्र पेश गर्नु अघि वा पछी मिलेमतो गर्ने वा गुटबन्दीमा संलग्न हुन नहुने व्यवस्था छ । यस कार्यालयबाट विभिन्न योजनाको लागत अनुमान तयार गरी ठेक्का व्यवस्था भएकोमा निम्नानुसारको प्रतिस्पर्धा भएको देखिन्छ । केही उदाहरण निम्न छन ।

योजनाको नाम	बिक्री (थान)	पेश/ दर्ता	छनौट योग्य	लागत अनुमान	कबोल अंक	घटी प्रतिशत	निर्माण व्यवसायी
शिखरपुर मन्थली ठिगन सडक	२	२	२	२६३००८०७	२६२८३७७७	०.०७	विवेक विनिता जर्घा जे भी
शिखरपुर स्वास्थ्य चौकी ९	३	३	३	४८०५७७९	४७६४७८०	०.८५	एलाइभ कन्स्ट्रक्सन
पानी टंङ्की निर्माण ९	२	२	२	२५९६३९४	२५७९७५२	०.६४	बकैया एलाइभ कन्स्ट्रक्सन
तामाखोला गोठखोला खानेपानी ४	२	२	२	३३३१९२५	३२४४७३३	२.६१	एलाइभ एलाइभ कन्स्ट्रक्सन

५३.३ **भेरिएशन आदेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को (१) मा खरिद सम्झौता गर्दाका बखत पूवानुमान गर्न नसिकएको परिस्थितीको सम्झौता कार्यन्वनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिए बमोजिमको अधिकारीले तोकिएको

कार्यबिध्रि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने ब्यवस्था छ। यस पालिकाले यसरी अनुमान गर्न नसकिएको स्पष्ट देखिने गरी कारण नखुलाई सम्झौतामा कायम भएका आइटमको परिमाण घटी बढी गरी निम्न कार्यको भेरिएशन आदेश जारी गरेको देखिन्छ।लागत अनुमान तयार गर्दाका बखत नै एकिन गर्न सकिने परिमाणको योजना कार्यान्वियन गए पछि भेरिएशन आदेश जारी गरेको देखियो । कार्यालयले आयोजनाको लागत अनुमान तयार गर्दाको बखत नै अधिकार प्राप्त अधिकारीले लागत अनुमान तथा ड्रइङ्ग डिजाइनको विस्तृत अध्ययन गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

सि. नं.	योजनाको नाम	शुरू लागत अनुमान	संशोधन अनुमान	सम्झौता रकम	संशोधन सम्झौता	भेरिएशन रकम	कैफियत
१	१५ शैया अस्पताल निर्माण	१९०६६८७५५	२०४५१०४२३	१६३३८९४२२	१७१४७७९६७	१३८४१६६४	७.२५
२	भिरकोट धियाल सडक	१८९९९६९७	२०२३३१६१	११४९६८३१	१२०७६९५६	१२३३४६५	६.४९
३	शिखरपुर मन्थली ठिगन सडक	२६३००८०७	२७५७४३५२	२६२८३७७७	२७५५६६७३	१२२७०३१	४.६६

५३.४ **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको व्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ ।पालिकाले खरिद सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्य,प्राप्त भएको माल सामान वा सेवाको विवरण, निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा प्राप्त भएको मिति र सम्पन्न निर्माण कार्य,प्राप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति लगाएतको व्यहोरा सहितकोप्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ ।कार्यालयले यो बर्ष संचालित र गत बर्षका योजना यस बर्ष सम्पन्न भएका आधारमाकार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गरेको देखिन्छ ।कार्यालयले आर्थिक बर्ष २०८०।८१ मा कार्य स्वीकार गरी भुक्तानी दिएका योजनाको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भए पछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिपीकेशन बमोजिम भए नभएको कुरा प्राबिधिक कर्मचारीबाट जाँच बुझ गराई कार्य सम्पन्न प्रतिबेदन तयार गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको बिवरण लेखापरीक्षणको समयमा उपलब्ध भएन। कार्यालयले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सम्पन्न योजनाको कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ ।

५३.५ **पन्ध्र शैया अस्पताल भेरिएशन** – कार्यालयले आर्थिक बर्ष २०८०।८१ मा १५ शैया अस्पताल निर्माणको लागि रू १९,०६,६८,७५५। ५४ को लागत अनुमान तयार गरी बोलपत्र प्रकाशन गरी मिति २०८०।९।१९ मा आकृती गाउले इसान जे. भी. सँग रू १६,३३,९९,४२१।३१ मा सम्झौता गरेको देखिन्छ । कार्यालयले लागत अनुमान तयार गर्दा विस्तृत अध्ययन नगरी बोलपत्र आब्हान गर्दा DPR बमोजिमको कार्यमा माटो कटिङ्गमा शुरु सम्झौता १०१०७।३१ घन मिटर रहेकोमा ४६२।८२ प्रतिशत अथवा ४६७९९ घ. मी. बढी कटिङ्ग गरेमा मात्र अस्पताल निर्माण गर्न सकिने र डिष्पोजलको लागि ९२३६।८० शुरू सम्झौताको ४०५।१५ प्रतिशत अथवा ३७४२३।३६ घ. मी. बढी लाग्ने भनी मिति २०८१।४।७ मा माटो कटिङ्ग र डिष्पोजलको लागि रू १,३८,४१,६६८।३५ को भेरिएशन आदेश जारी गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा भेरिएशन फाईल साथ रहेका प्रमाण र फिल्ड अनुगमन गर्दा कार्यालयले ४६७७९। ०७ घ. मी .को माटो कटिङ्ग वापत रू ७०,५७,७५५।०६ र डिष्पोजलको लागि ३७४२१।३६ घ. मी. माटोको १ कि. मि. लिड समेत दिई रू ५१,७४,१३९।३७ समेत गरी जम्मा १,३८,४१,६६८।३५ को भेरिएशन जारी गरेको देखिन्छ।कार्यालयले ठुलो परिमाणमा भेरिएशन जारी गर्दा उक्त स्थानको संक्षिप्त वातावरणीय परीक्षण तथा वातावरणीय परीक्षण गरेको पाईएन।बागमती प्रदेशको आर्थिक ऐन, २०८१ को अनुसूची - ५ मा स्वीकृत खानी क्षेत्र बाहेकको माटोको दर प्रति घ.फिट ३.५० पैसा रोयल्टी तोकेकोले ३७४२१।३६ घ. मी. माटोको रू ४६,२४,७१८।८८ रोयल्टी असुल गर्नुपर्नेमा सो गरेको देखिएन।उक्त क्षेत्र सामुदायिक वन भित्र परेको देखिएकोले उक्त क्षेत्रको भोगाधिकार लिनको लागि पालिकाले संघीय सरकार,वन कार्यालय सँग समन्वय गरेको देखिएन । IEE नगरी जंगल र वस्ती विच माटो कटिङ्ग गर्न भेरिएशन आदेश जारी गर्ने कार्य उचित देखिदैन। पालिकाले यस्ता सार्वजिनिक निर्मणका कार्य गर्दा सम्वन्धित निकायसँग सँग समन्वय गरी गर्नुपर्ने देखिन्छ ।

फोटो

५४ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुजिगत शिर्षकबाट रु १९,५८,१२,१९६।७६ खर्च गरेकोमा रु ११,१७,७९,६५३।७१ अर्थात् ५७.०८ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउ पत्रबाट र सोझै रु २,८८,८५,९४७।२९ र उपभोक्ता समितिबाट रु ५,५१,४६,५९५।०० को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

५५ उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान

बागमति प्रदेश सरकारको स्थानीय तहमा विनियोजित शसर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को अधिनमा रहि उत्पादनमा आधारित दूधमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनको लागि आ व २०८१।८२ मा वार्षिक स्वीकृत प्रदेश सरकारको शसर्त अनुदान बजेट रू ३०६५०००। विनियोजन भएकोमा यस पालिका अन्तरतग रहेका ८ वटा कृषि सहकारी संस्थालाई निम्नानुसारको रकम अनुदान वितरण गरी सम्वन्धित किसानको खातामा उक्त रकम पठाएको विवरण पेश भएको छ।यसरी अनुदान प्रदान गर्दा दूध उत्पादनको तथ्याङ्कलाई डिजिटल प्रणालीमार्फत अभिलेख राखी पारदर्शिता सुनिश्चित गर्नुपर्ने, सहकारी संस्थाले किसानलाई समयमै रकम वितरण गरेको सुनिश्चित गर्न अनुगमन समिति गठन गर्नुपर्ने, आगामी वर्षमा उत्पादन वृद्धि गर्ने किसानलाई अतिरिक्त प्रोत्साहन दिने व्यवस्था गर्नुपर्ने, र अनुदान रकमको उपयोग तथा प्रभावकारिता मूल्याङ्कन गर्न वार्षिक समीक्षा प्रतिवेदन तयार गरी प्रदेश सरकारलाई पेश गर्नुपर्ने जस्ता कार्यहरु गर्न आवश्यक देखिएको छ ।

क्र स	सहकारीको नाम	ठेगाना	दुध खरिद विवरण (लि)	दर	भूक्तानी दिनुपर्ने रकम
१	श्री हात्तिसुंडें दु उ स स लि, हात्तिसुडें	बकैया ४	६७८७७२	१.२५४	८५११८०
२	श्री सकृय दु उ स स लि, च्याउच्याउ	बकैया ९	४७९५६	१.२५४	६०१३६
३	श्री शिखरपुर दु उ स स लि , शिखरपुर	बकैया ९	१६१९२४	१.२५४	२०३०५२
४	श्री हात्तिखोला दु उ स स लि, हात्तिखोला	बकैया ७	३७५३०४	१.२५४	४७०६३१
५	श्री पावस दुग्ध उ स स लि, पावस	बकैया ५	५३१७९४	१.२५४	६६६८६९
६	श्री त्रिवेणी दु उ स स लि, कर्मचुलि	बकैया ५	८२१११	१.२५४	१०२९६७
७	श्री एकीकृत कृषक ब उ स स लि, छतिवन	बकैया ४	५४४०८६	१.२५४	६८२२८३
८	श्री तिनतले दुग्ध उ स स लि, तिनतले	बकैया ५	१३१७७	१.२५४	१६५२३
	जम्मा				३०५३६४५

५६ समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम

समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि २०८० को परिच्छेद ४ को दफा ११ को उपदफा १ बमोजिम प्रदेश सरकारले विनियोजन गरेको रकम रु ४० लाख को २० प्रतिशतले हुन आउने रु १३३३३३३। यस पालिकाले व्यहोर्ने गरी २०८१ साल पुष १६ गते एक वडा एक कृषि उत्पादन कार्यक्रमको निर्देशक समितिको बैठकको निर्णय अनुसार यस पालिकाको वडा नं ५ भैंसिपालनको लागि छनौट भई जिल्ला पशु सेवा कार्यालय मकवानपुर र पालिका बीचमा मिति २०८१।१२।०३ मा कार्यक्रम कार्यान्वयनको लागि सम्झौता भए बमोजिम पालिकाले पशु सेवा कार्यालयको विविध खातमा मिति २०८२।०१।१६ मा रु १३३३३३३। जम्मा भएको देखिन्छ। यो कार्यक्रम सञ्चालन भए नभएको सम्वन्धमा वाँकि केहि अद्यावधिक विवरण स्रेष्ताको साथमा रहेको छैन ।कार्यक्रम सञ्चालनको अद्यावधिक विवरण समयमै संकलन गरी अभिलेख राख्नुपर्ने, सम्झौताअनुसार कार्यान्वयन भएको वा नभएको स्पष्ट प्रतिवेदन जिल्ला पशु सेवा कार्यालयबाट माग्नुपर्ने, रकम प्रयोगको वित्तीय विवरण र भैंसीपालन कार्यक्रमको प्रगति प्रतिवेदन पालिकाले नियमित रूपमा सार्वजनिक गर्नुपर्ने, किसानले वास्तविक लाभ पाएको वा नपाएको मूल्याङ्कन गर्न अनुगमन समिति गठन गर्नुपर्ने, कार्यक्रम सञ्चालनमा देखिएका चुनौती र सिकाइलाई आगामी वर्षको योजना निर्माणमा समावेश गर्नुपर्ने, रकमको पारदर्शिता सुनिश्चित गर्न आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने, र अन्ततः कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरी प्रदेश सरकारलाई प्रतिवेदन पेश गर्नुपर्ने जस्ता कार्यहरु पालिकाले गर्न आवश्यक देखिएको छ ।

५७ कोटेशन माग गरी निर्माण कार्य

सार्वजनिक खरीद ऐन, २०६३, को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नुपर्ने एउटै प्रकृतिका समान प्रतिस्पर्धा मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था

समेत छ।कार्यालयले आर्थिक वर्ष २०८१।८२ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी केहि खरिद कार्य कोटेशन माग गरी गरेको देखिन्छ।यसरी बिभिन्न योजनाको निमार्ण तथा खरिदबाट गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन । साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी प्रतिस्पर्धा नगरी सोझै कोटेशन द्वारा खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । यस्ता केही उदाहरण निम्न प्रकार छन् ।

भौचर नं. र मिति	योजनाको नाम	लागत अनुमान	भुक्तानी रकम	घटी प्रतिशत
४९।२०८१।८।१७	कृषि औधोगिक ग्रामको खर्च	९६६९७४	९६४३८७	०.२६
१५७।२०८२।३।९	हिलेखोला लच्का कजवे निर्माण	९६६४५०	९६०१४९	०.६५
२५७।२०८२।३।२४	वडा कार्यालय सडक ढलान	९६६२७०	९६०९९८	०.५४
२७७।२०८२।३।२५	प्रशासकिय भवनको ट्रस निर्माण	८५६०४३	८४९२०९	०.९७
२७४।२०८२।३।२४	कराते भवन हल निर्माण	९२१८३३	९२०००३	०.१९

५८ **परामर्श सेवा**

परामर्श सेवा सम्वन्धमा रहेका वेहोरा निम्नानुसार रहेका छन् ।

५८.१ **शोधभर्ना खर्च (Reimbursable Expenses)** - पालिकाले यो आर्थिक वर्षमा गरेका परामर्श सम्वन्धी कार्यमा रिइम्वर्सेवल खर्च शीर्षकमा रु. ४,५२,०००।- कायम गरी लागत अनुमान तयार गरी सम्झौता गरेको देखिन्छ । सो शीर्षकमा राखिएको रकमको खर्चको बिल भरपाई पेस नभइ परामर्शदातालाई भुक्तानी भएको देखिन्छ । परामर्शदाताको बिल तथा विजक वेगर निम्नानुसारको रकम भूक्तानी उचित देखिएन । पालिकाले यसमा सुधार गर्नुपर्ने देखिएको छ ।

क्र स	गो भौ न र मिति	भूक्तानी पाउनेको नाम	भुक्तानी रकम	सोधभर्ना हुने रकम	मूल्य अभिवृद्धि कर भूक्तानी
१	७७८ २०८२।०३।२५	फ्रन्टलाईन प्रोफेसनल ईन्जियनरिङ्ग सर्भिसेस	११८९८९०	२०००००	२६०००
२	४६ २०८१।०८।०५	साई टेक ईन्फ्रास्टक्चर डेभलोमेन्ट एण्ड रिसर्च प्रा लि	१६०७४२५	१०८०००	१४०४०
३	३६ २०८१।०६।२०	ए ई सि औ एम् कन्सल्ट प्रा लि	१६३८५००	१४४०००	१८७२०
			४४३५८१५	४५२०००	५८७६०

५८.२ **DPR को PAMS दाखिला** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई PAMS System मा जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कार्यालय प्रयोजनका लागि खरिद गरेका DPR सामाग्रीको जिन्सी दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ ।

५९ **उपभोक्ता समिति परिचालन**

५९.१ **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययिता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरीवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण

जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना नहुने देखिन्छ । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ।केही उदाहरण निम्न छन्।

सि. नं.	उपभोक्ता समितिको नाम	कामको नाम	भुक्तानी रकम
१	शिरशिरे च्याउच्याउ उकालो सडक स्लयाव ढलान उपभोक्ता समिति	सडक ढलान	१३९९७४१
२	कान्दाङ हिरामुनी खहरे नियन्त्रण उपभोक्ता समिति	खहरे नियन्त्रण	१४९७३२१
३	कर्मचुली वस्ती वचाउ संरक्षण उपभोक्ता समिति	वस्ती संरक्षण	१३२००००
४	कत्लेखोला कल्भर्ट निर्माण उपभोक्ता समिति	कल्भर्ट निर्माण	६७९०००
५	मोटरबाटो सरसफाई योजना दशघरे नया सडक उपभोक्ता समिति	सडक निर्माण	१२०८७३४
६	जुरेली रंगशाला निर्माण उपभोक्ता समिति	रंगशाला निर्माण	१३२५५७८
७	गौतम बुद्ध पर्यटन मार्ग अधुरो संरचना उपभोक्ता समिति	बुद्र मुर्ति निर्माण	४०००००
८	भडौरा सडक स्तरोन्नी उपभोक्ता समिति	सडक निर्माण	१४६५६०१
९	चुनढुगा दरवार सडक निर्माण उपभोक्ता समिति	सडक निर्माण	१३१७७९७
१०	हातिखोला घ्याम्पे धुवाकोट बेसी सडक उपभोक्ता समिति	सडक निर्माण	२८४४९४१
११	हातिसुडे शिखरपुर मन्थली ठिगन सडक उपभोक्ता समिति	सडक निर्माण	६३०३३९७

५९.२ **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ भने पालिका उपभोक्ता समिति गठन तथा परिचालन कार्यबिधि २०७५ को बुदा १६ मा पालिकाले निर्माण कार्यउपभोक्ता समिति मार्फत गराउँदा जटील वडामा १० प्रतिशत र अन्य वडामा १५ प्रतिशत श्रमदान हुनु पर्ने ब्यवस्था गरेको छ । कार्यालयले उपभोक्ता समितिबाट कार्य गराउदा कार्यालयले बेहार्ने रकममा जटील वडामा १० प्रतिशत र अन्य वडामा १५ प्रतिशत थप गरी सम्झौता गर्ने र सोही बमोजिम मुल्याङ्कन गरी भुक्तानी गर्ने गरेको देखिन्छ । जसले गर्दा १० प्रतिशत श्रमदान गर्नु पर्ने ठाउमा ९ प्रतिशत र १५ प्रतिशत श्रमदान गर्नु पर्ने ठाउमा १३.५ प्रतिशत मात्र श्रमदान भएको देखिन्छ । यसरी कार्यालयले निर्माण कार्य गराउदा गाउपालिका कार्यविधि अनुसारको जटिल वडामा १प्रतिशत र अन्य वडामा १.५ प्रतिशत श्रमदान पुगेको देखिदैन । पालिकाको कार्यविधिमा उल्लेख भए बमोजिमको श्रमदान पुग्ने गरी कार्य सम्पन्न गराउनु पर्दछ ।

५९.३ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नु पर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नु पर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन

हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा ना पजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ ।

५९.४ **नापी किताव-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी किताबको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो।उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ।साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्ष्णको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन।कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकीकृत गरी राख्नुपर्ने देखिन्छ।

५९.५ **अनुगमन समीक्षा** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समीक्षा गर्ने गराउने ब्यवस्था छ। यस पालिकामा आर्थिक बर्ष २०८१।८२ मा सञ्चालन भएका योजना कार्यान्वियन भई सम्पन्न भएका योजनाको प्राविधिक प्रतिवेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उपाध्यक्ष र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन गरेको प्रतिबेदन पेश गरेको देखिन्छ भने पालिकाद्वारा सञ्चालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले समिक्षा गरेको प्रतिवेदन छैन । पालिकाद्वारा सञ्चालित योजना तथा कार्यक्रमको ऐनमा भएको ब्यवस्था बमोजिम अनुगमन गरी समीक्षा गरेको प्रतिवेदन राख्नुपर्दछ ।

५९.६ **सामुदायिक भवन निर्माण-**स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने ब्यवस्था छ भने दफा ९७ मा गाँउपालिकातथा नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने जिम्मेवारी स्थानिय तहको रहने ब्यवस्था छ।पालिकाले उक्त उल्लिखित ब्यवस्था विपरित सार्वजनिक जग्गाको संरक्षण नगरी सार्वजनिक जग्गामा नक्शा पास नगरी निम्न सामुदायिक भवन निर्माण गरी भुक्तानी दिएको छ ।पालिकाले यस कार्यमा सुधार गर्नुपर्दछ ।

क्र स	भौचर नं. र मिति	योजनाको नाम	रकम
१	१५।२०८१।५।२३	सामुदायिक भवन धारापानी उपभोक्ता समिति	४४८१७०
२	२४६।२०८२।३।२३	मैमच्छा महिला भवन निर्माण उभोक्ता समिति	२५००००

५९.७ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु /गराउनु पर्ने व्यवस्था छ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोर्टबाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।अतःकार्यालयले निर्माण तथा खरिद गरेका सामानको परिक्षण गराउन तर्फ ध्यान दिनुपर्दछ।

५९.८ **सामाजिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा सवै योजनाको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।केही उदाहरण निम्न छन ।

भौचर नं र मिति	योजनाको नाम	रकम	कैफियत
२। २०८२। ९।२	हातिखोला घ्याम्पे धुवाकोट बेसी सडक निर्माण उपभोक्ता समिति	२७५४९४१	नापी कितावमा सबैको चेनेज नखुलेको ।
५। २०८२। ९।२	हातिसुडे शिखरपुर मन्थली ठिगन सडक निर्माण उपभोक्ता समिति	६३०३३९७	

५९.९ **उपभोक्ता समितिको काममा निर्माण व्यावसायी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनुपर्ने ब्यवस्था छ। यस कार्यालयद्वारा संचालित कार्यहरू निर्माण व्यावसायिले गरेको देखिन्छ ।।अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ । केही उदारण निम्न छन ः

गो. भौ.न. र मिति	योजनाको नाम	निर्माण ब्यावसायी नाम	बिजक पेश रकम	भुक्तानी रकम
६।२०८१।५।२३	वडा न १२ खेलकुद विकास समिति	शिव भक्त पार्वत निर्माण सेवा	५१६३७४	४७९८७३
५८।२०८१।९।२२	वडा सरसफाई उ स ८	शिव भक्त पार्वत निर्माण सेवा	४१९२१६	४८५०००
५६।२०८१।९।२२	हातिसुडे टोल विकास संस्था	शिव भक्त पार्वत निर्माण सेवा	१९८०३४	१९३८५१
५५।२०८१।९।२२	ठुलो खोरिया लामिडाडा सडक उ स	शिव भक्त पार्वत निर्माण सेवा	१४६५१२	१४५५००
६२।२०८१।९।२२	बकैया ४ सडक सरसफाई उ स	विवेक विनिता निर्माण सेवा	३००९०९	२९१०००
६४।२०८१।९।२२	वडा भरीका सडक सरसफाई वडा न ९	जय बकैया कन्स्टक्शन	५०१५१६	४८५०००
६६।२०८१।१०।१४	वडा न १ सरसफाइ सडक स्तरोन्नती उ स	चन्द्र निर्माण सेवा तथा सप्लार्स	६२९८३३	६७७९६०
६६।२०८१।१०।१४	वडा न ६ सरसफाइ सडक स्तरोन्नती उ स	श्री हर्नामाडी कन्स्टकशन	७१७०२८	९६५६७१
१०७।२०८१।१२।११	मोटरबाटो सरसफाई योजना दशघरे नया सडक नि उ स	वि एण्ड वि कन्स्टक्शन	११७९२८८	१२०८७३४
१०६।२०८१।१२।११	रंगशाल निर्माण उ स	शिव भक्त पार्वत निर्माण सेवा	६९१४३५	१३३५५७८
१९५।२०८२।३।२२	गैरीगाउ मन्थली नया सडक उ स	वि एण्ड वि कन्स्टक्शन	१०००११६	९९०४८२
२।२०८२।९।२	हातिखोला घ्याम्पे धुवाकोट बेसी सडक निउ स	जि एल वि निर्माण सेवा र बि एण्ड बि कन्स्टक्शन	१४०००७०	२८४४९४१
५।२०८२।९।२	हातिसुडे शिखरपुर मन्थली ठिगन सडक नि उ स	जि एल वि निर्माण सेवा र बि एण्ड बि कन्स्टक्शन ५	४३३०५८९	६३०३३७९

५९.१० **सरकारी कार्यालय उपभोक्ता समितिबाट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्राविधिक क्षमता आबश्यक नपर्ने, लाभग्राही वा उपभोक्ता समितिबाट गर्दा मितव्यीता गुणस्तरीयता र दिगोपना वृदि हुने, स्थानीय स्रोत साधन र सीपको उपयोग गरी स्थानीय स्तरमा कार्य सम्पादन हुने, स्थानीय तहमा रोजगारी सृजना हुने, निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने, निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने निर्माण कार्यहरु उपभोक्ता समुहबाट गराउन

सकिने उल्लेख छ । कार्यालयले वडा न ११ को कार्यालय भवन निर्माण उपभोक्ता समितिबाट गराई भौचर न २२२।२०८२।३।२३ बाट रु. १०,५४,१६८।०० भुक्तानी गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउँदा सम्वन्धित उपभोक्ताहरुले लाभ प्राप्त गर्ने, निर्माण पश्चात मर्मत संभार तथा सञ्चालन तिनीहरुबाटै हुने हस्तान्तरण योग्य र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत सरकारी भवन निर्माण तथा सुधार कार्य गराएको अनियमित देखिएको रु

अनियमित भएको	१०,५४,१६८

५९.११ **वडा वर्गिकरण** - बकैया गाउँपालिका उपभोक्ता समिति गठन परिचालन तथा ब्यवस्थापन सम्वन्धि कार्यविधि, २०७५ को बुदा न १६ को (ङ) मा उपभोक्ता समितिले जनश्रमदान वापत भौगोलिक विकटता भएको वडाहरूमा घटीमा १० प्रतिशत र अन्य वडा हरूमा घटीमा १५ प्रतिशत श्रमदान गर्नुपर्ने ब्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गर्नाका लागि जटिल वडा कुन कुन हुन भनी वर्गिकरण गरेको देखिएन । यसरी पालिकाले वर्गिकरण नगरी प्राविधिकले राखेको श्रमदान बमोजिम कार्य गर्ने गरेको देखिन्छ । जसले गर्दा श्रमदान गर्नुपर्ने रकम एकिन गर्न सकिएन । पालिकाले कार्यविधि बमोजिम वडा वर्गिकरण गरी कार्य गर्नुपर्दछ ।

५९.१२ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नुपर्ने ब्यवस्था छ।पालिकाले निम्न निर्माणको कार्यमा मुल्याङ्कन रकम भन्दा बढी भुक्तानी दिएको रकम एकिन गरी असुल गर्नुपर्ने देखिएको रू.

भौचर नं.र मिति	योजनाको नाम	मुल्याङ्कन रकम	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी रकम
१५१।२०८२।३।२	भडौरा सडक स्तरोन्नती उ स	१६२२६९०	१४११०३४	१४२०९०१	९८६७
१५६।२०८२।३।८	चुनढुगां दरवार सडक नि उ स	१४५८५७३	१२६८३२४	१२७२८५७	४५३३
१९५।२०८२।३।२२	गैरिगाउ मन्थली नया सडक उ स	१०७६७६०	९३६३१३	९६०४८२	२४१६९

असुल गर्नुपर्ने	३८,५६९

५९.१३ **जन श्रमदान** - बकैया गाउँपालिका उपभोक्ता समिति गठन परिचालन तथा ब्यवस्थापन सम्वन्धि कार्यविधि, २०७५ को बुँदा न १६ को (ङ) मा उपभोक्ता समितिले जनश्रमदान वापत भौगोलिक विकटता भएको वडाहरूमा घटीमा १० प्रतिशत र अन्य वडा हरूमा घटीमा १५ प्रतिशत श्रमदान गर्नु पर्ने ब्यवस्था छ जस अनुसार पालिकाले वडा वर्गीकरण अनुसार वडा न १० ११ १२ १ र २ विगट मानि १० प्रतिशत श्रमदान गर्ने र अन्य वडामा १५ प्रतिशत श्रमदान गर्ने गरेको छ । पालिकाले वडा ६ को गौतम बुद्ध पर्यटन पार्क निर्माण उ. स. को निमार्ण कार्यमा भौचर न ८।२०८१।५।२३ बाट मुल्याङ्कन रकम रू १६००७१५।०० मा १० प्रतिशत मात्र श्रमदान राखि रू १४,५४,९६९।०० भुक्तानी गरेकोले कार्यविधिमा भएको व्यवस्था भन्दा रू ६३७४९ बढी भुक्तानी भएको देखिन्छ । यसरी कार्यविधिको ब्यवस्था भन्दा बढी भुक्तानी भएको नियमसम्मत नदेखिएको रू

अनियमित भएको	६३,७४९

६० पेश्की बाकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) र (४) अनुसार प्रचलित कानुन बमोजिम प्रदान गरिएको पेश्कीको म्याद नाघेको तथा म्याद ननाघेको विवरण छुट्टाछुट्टै अभिलेखको रूपमा राख्नुपर्ने र फर्स्योट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यालयले पेश गरेको विवरण अनुसार पालिकाको ५/१०/१५ शैया आधारभूत अस्पताल निर्माणको आकृति गाउँले इशान जे.भीको गत आर्थिक वर्षको म्याद ननाघेको पेश्की रु.६३,००,०००/- रहेकोमा नियमानुसार रनिङ बीलबाट फछ्यौंट गर्नुपर्ने देखिन्छ ।

६१ **मसलन्द खरिद**

(१२८।२०२१।०८।२२) - पालिकाले आर्थिक वर्ष आ. व. २०८०।८१ को ठेक्काको दरलाई आधार मानी मसलन्द सामग्रीको लागत अनुमान रु. ४०,८२,५६९ (मूल्यअभिवृद्धि करबाहेक) मा ठेक्का आव्हान गरेकोमा सि वि एस इन्टरप्राइजेजको रु. २५,६५,२६५ (मूल्यअभिवृद्धि करबाहेक) कबोल अङ्क स्वीकृत भएको देखिन्छ । उक्त ठेक्कामार्फत खरिद गरिने सामग्रीको माग विश्लेषण नभएको, आपूर्ति गरिएका सामग्रीको गुणस्तर यकिन नभएकोले खरिदबाट गुणस्तरी सामग्री प्राप्त भयो भन्ने अवस्था देखिएन । साथै ती सामग्रीको खपतसम्बन्धमा पालिकाले आन्तरिक नियन्त्रण पालना गरेको देखिएन ।

६२ **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले निम्नानुसारको सामान पटक पटक टुक्रा पारी खरिद गरेको देखिन्छ । पटकैपिच्छे खरिद गर्दा लागत अनुमानको आधार समेत खुल्दैन । साथै उक्त सामानको जडान गरी प्राविधिक प्रतिवेदन पेस गर्नुपर्दछ । नियममा उल्लिखित प्रावधानविपरित टुक्रा पारी खरिद गरेको कार्य नियमसम्मत नेदिएको रु.

भौनं	मिति	सामानको नाम	फर्मको नाम	रकम
६४६	२०८२।०३।२२	इन्भर्टर	शारदा ट्रेड	५८४४२०
६४१	२०८२।०३।२१	इन्भर्टर र ब्याट्री	ग्रामीण सप्लायर्स	९९१०९०
				१५७५५१०

अनियमित भएको	१५,७५,५१०

६३ **कृषि उद्योग ग्रामको यार्ड निर्माण (२२।२०८१-११-०२)**

बकैया कृषि उद्योग ग्रामको यार्डमा हेक्जागोनल ब्लक छपाइ गर्न कोटेशन बाट सन्ध्या निर्माण सेवालाई रु. ९,९३,९८२ भुक्तानी दिएकोमा सो को लागत अनुमानमा जिल्ला दररेटअनुसार रु. ४९ प्रति ब्लकको हुनुपर्नेमा काठमाडौँको दर रु. ६१ राखी दर विश्लेषण गरेको र सोही दरमा भुक्तानी भएकोले ४२० वर्ग मिटर क्षेत्रफलको रु. ७३,५६३ (मूल्यअभिवृद्धि करसमेत) बढी भुक्तानी भएको देखिन्छ । बढी दर राखी कार्य गराएको र सोही अनुसार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७३,५६३

६४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क सूचीकृत गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको । यस कार्यक्रम अन्तर्गत सूचीकृत ८९८ बेरोजगारमध्ये पालिकाभित्रका १२ विभिन्न योजना सञ्चालन गरी ७३ जनालाई रोजगारी दिएर ज्यालास्वरूप रु. ३४,७९,१६८ खर्च भएको विवरण पेस भएको छ ।

(क) कामको दीगोपना - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोमा सञ्चालित योजनाहरूले लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

(ख) आयोजनाको छनोट - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा कृषि, सहकारी तथा पशु विकास, उर्जा, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ आदि विभिन्न रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु तोकिएका छन् । पालिकाले आ. व. २०८१।८२ मा १२ वटा रोजगारका आयोजना सञ्चालन गरेकोमा १० योजना सडक तथा नाला सरसफाइ

तथा मर्मतसँग सम्बन्धित रहेको पाइयो । पालिकाले सार्वजनिक पूर्वाधारको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान हुने योजना छनोट गरी रोजगारीका आयोजना सञ्चालन गर्नुपर्दछ ।

(ग) श्रमिक समूह - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २५ मा कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूह गठन गरेर जिम्मा दिनुपर्ने उल्लेख छ । पालिकाले रोजगारका धेरै योजनाहरूमा तोकिएकोभन्दा सानो समूह बनाई काममा खटाएको छ । निर्देशिकाबमोजिमको योजना छनौट गरी श्रमिकलाई काममा लगाउनुपर्दछ ।

६५ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । आ. व. २०८१।८२ मा पालिकाले सामाजिक सुरक्षा भत्ता स्वरूप कुल रु. १४५७३१५४० वितरण गरेको छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्न रहेका छन् ।

भत्ता वितरणको अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ गाउँ कार्यपालिकाका अध्यक्ष वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता विवरणसम्बन्धमा अनुगमन गरी अभिलेख राखेको पाइएन । भत्ता वितरण प्रक्रिया तथा लाभग्राहीको नियमित निरीक्षण तथा अनुगमन गरी कार्यविधिको पालना हुनुपर्दछ ।

पारदर्शिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार लाभग्राहीको नाम, दर्ता/नवीकरण प्रक्रिया, भत्ताको दर, बैंक विवरण तथा लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया लगायतका जानकारी स्थानीय सामाजिक सङ्घ संस्था, गैरसरकारी संस्था तथा सामाजिक परिचालनमा संलग्न संस्थाहरूको सहयोगमा प्रचार-प्रसार गर्नुपर्नेछ साथै भुक्तानी गरिएको रकम र बुझिलिने व्यक्तिको नामावली सम्बन्धित वडा कार्यालय र स्थानीय तहको वेब साइटमा राख्नुपर्नेछ । तर पालिकाको निर्णय पुस्तिका तथा वेब साइट अवलोकन गर्दा यस्ता सूचना सार्वजनिक गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता विवरणमा पारदर्शिता कायम गर्न कार्यविधिले तोकेअनुसारको सूचना सार्वजनिक गर्नुपर्दछ ।

प्रतिवेदन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची - ६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन । प्रणालीमा प्रतिवेदन अद्यावधिक गरी कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

बैंक फिर्ता - सामाजिक सुरक्षा भत्ता वितरण गरिने २ बैंक बाट रु. ५०२३१५ फिर्ता भई दाखिला भएको छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बकैया गाउँपालिका, मकवानपुर , बकैया गाउँपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	महेश श्रेष्ठ	२०७९-४-१६	२०८२-०३-३२
कार्यालय प्रमुख	महेश श्रेष्ठ	२०७९-०४-१६	हाल सम्म कार्यरत
लेखा प्रमुख	युवराज सुवेदी	२०८१-०४-०१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३३९,५४४	१२,१७२,७९६	४,०६६,८६१	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१६,५७९,२०१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	६३७,९९१
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१५,९४१,२१०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५३८५५५४८.४९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४७१६५६९१०.०४	चालु खर्च	४८८०१३४९८
प्रदेश सरकारबाट अनुदान	५८७१५८११	पूँजीगत खर्च	२१७२७९१९१
राजश्व बाँडफाँट	१६६६५६५७६.२८	वित्तीय/अन्य व्यवस्था	२९०८८२०१३.३१
आन्तरिक आय	३७६१४७२१.५५		
अन्य आय	२५८२८६२६१.१८		
कुल आय	९९२९३०२८०.०५	कुल खर्च	९९६१७४७०२.३१
बाँकी मौज्दात		५०६११९२६.२३	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	१७९१७२७३२.७५	१५०७२१६११.३०
१३०००	अनुदान	४९७४९४८५४.१९	४७२६५१९७५.९०
१४०००	अन्य राजस्व	२१९०९३४१.८०	६११४७३०४.२३
१५०००	विविध प्राप्ति	३१८९५२३.२८	९३५०.००
क	**कुल जम्मा प्राप्ति**	**७०१७६६४५२.०२**	**६८४५३०२४१.४३**
३	चालु	४८८०१३७९८.०१	४९१९००५५९.५०
२१०००	पारिश्रमिक / सुविधा	२९४३७४२५२.९७	२८५३६३२३६.५०
२२०००	मालसामान तथा सेवाको उपयोग	१७६३९८१०३.०२	१७१४३०११७.४२
२५०००	सहायता (Subsidy)	०.००	१३२१०९५३.५८
२६०००	अनुदान	११८६५४४२.०२	१४७३९७७०.००
२७०००	सामाजिक सुरक्षा	३९९५६००.००	५७१७०८८.००
२८०००	अन्य खर्च	१३८०४००.००	१४३९३९४.००
४	पूंजीगत	२१७२७९१९१.००	१९५८१२१९६.७६
३१११०	भवन तथा संरचना	१५८११७००.००	८७०१७६८.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	३३८२२५२.००	१४१२२५०४.००
३११३०	अन्य पूँजीगत खर्च	४१८८७५.००	०.००
३११५०	सार्वजनिक निर्माण	१९६९६३४८४.००	१७२०६३४७६.७६
३११६०	निर्मितसरचनाको सुधार खर्च	७०२८८०.००	९२४४४८.००
ख)	कुल जम्मा भुक्तानी	७०५२९२९८९.०१	६८७७१२७५६.२६
ग)	बचत /कमी (ग = क-ख)	-३५२६५३६.९९	-३१८२५१४.८३
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**	**२८२११४.६३**	**७०९११०५.४८**
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**		
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-३२४४४२२.३६	३९०८५९०.६५
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	५३८५५५४८.५९	४९९४६९५७.९४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	५०६११२६.२३	५३८५५५४८.५९

सुझाव

स्था

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको

अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश

व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्योंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्योंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्योंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्योंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।